का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ फागुन २०८१,
आइतबार
2 March, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# एउटा संकट टार्न अर्को संकट !

प्रतिनिधिसभामा दुई तिहाइ बहुमतमा रहेको सरकार राष्ट्रियसभाबाट अध्यादेश पास गर्न नसक्ने भएपछि दल विभाजनतर्फ अग्रसर भएको छ । तर, अध्यादेश पास गर्ने संकट टार्न दल विभाजनतर्फ लाग्दा अर्को संकट निम्तिन सक्नेतर्फ सचेत देखिँदैन

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १७ फागुन ।

विभिन्न २९ वटा ऐन संशोधन गर्न सरकारले ६ वटा अध्यादेश ल्याएपछि तरंगित राजनीति सङ्लिन सकेको छैन । प्रतिनिधिसभामा दुई तिहाइ बहुमतमा रहेको सरकार राष्ट्रियसभाबाट अध्यादेश पास गर्न नसक्ने भएपछि दल विभाजनतर्फ अग्रसर भएको छ । तर, अध्यादेश पास गर्ने संकट टार्न दल विभाजनतर्फ लाग्दा अर्को संकट निम्तिन सक्नेतर्फ सचेत देखिँदैन ।

गत १४ पुसमा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी भएको थियो । २९ पुसमा थप ४ वटा अध्यादेश जारी भएका थिए ।

सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश जारी भएको हो ।

निजीकरण (पहिलो संशोधन) अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश पनि जारी भएका छन् । >>> पृष्ठ २ मा

## संसदीय अंकगणित

प्रतिनिधिसभामा सहज बहुमत रहेका नेपाली कांग्रेस र नेकपा एमालेसँग राष्ट्रियसभामा जसपा नेपाल र लोसपा नेपालले सहयोग नगर्दा बहुमत पुग्दैन ।

५९ सदस्यीय राष्ट्रियसभामा बहुमतका लागि ३० मत आवश्यक पर्छ । जसपा नेपाल र लोसपा नेपालले समर्थन नगर्दा कांग्रेसका १६ र एमालेका १० गरी २६ मात्र पुग्छन् ।

त्यसबाहेक एमालेकै नेतृ अञ्जना शाक्य मनोनीत कोटाबाट सदस्य छन् । वामदेव गौतमले पनि सरकारलाई >>> पृष्ठ २ मा

## गठबन्धनको नजरमा माधव नेपाल



दुई तिहाइको सरकारलाई ६ अध्यादेश पारित गराउन टाउको दुखाइ बनिरहेका बेला सत्ता गठबन्धनको नजर माधवकुमार नेपालमाथि परेको छ । अध्यादेश पारित गराउन राष्ट्रियसभामा जसपा नेपाल र लोसपा नेपालले हात झिकेपछि आफ्नो >>> पृष्ठ २ मा



कांग्रेस र एमालेजस्ता जिम्मेवार दलले अरू दल फुटाउनु हुँदैन

■ **भानुभक्त जोशी**
नेता, नेकपा (एकीकृत समाजवादी)



सबै दलहरूको सहमतिमै अध्यादेश पारित हुन्छ

■ **रामकृष्ण यादव**
नेता, नेपाली कांग्रेस



अध्यादेश अलपत्र पऱ्यो भनेर भ्रम फैलाइएको छ

■ **शेरबहादुर तामाङ**
नेता, नेकपा एमाले

**शिक्षाको नवप्रवर्तनमा कामपा**

## 'बुक फ्री फ्राइडे' प्रभाव मूल्यांकनका लागि शैक्षिक मेला

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १७ फागुन ।

काठमाठौं महानगरपालिकाले शैक्षिक सुधार गर्दै शिक्षाको नवप्रवर्तनका लागि ३ वर्षअघि सुरु गरेको पुस्तकरहित शुक्रबार (बुक फ्री फाइडे)को सकारात्मक प्रभाव देखिएको छ । विद्यालय शिक्षाको गुणस्तर सुधार्ने उद्देश्यले महानगरपालिकाले शुक्रबार र शनिबार आयोजना गरेको शैक्षिक मेलामा सामुदायिक विद्यालयको 'बुक फ्री फ्राइडे' प्रभाव मूल्यांकन गरिएको हो ।

राष्ट्रिय सभागृहमा भएको उक्त मेलामा नेपाल भाषाको सिकाइ प्रविधि मौलिक संस्कृति, वेशभूषा झल्काउने



प्रदर्शनी मौलिक वाद्यवादन तथा गायन प्रस्तुति गरियो । मेलामा विद्यार्थीका सीप र सिर्जनात्मक क्षमताको प्रदर्शन शिक्षण नवप्रवर्तन तथा विद्यालय पूर्वाधार र शिक्षक विकासका कार्यक्रम प्रस्तुत गरिएको काठमाडौं महानगरपालिकाका शिक्षा विभागका अधिकृत इन्द्रप्रसाद दाहालले बताए । >>> पृष्ठ २ मा



महानगरपालिकाले गत ३ वर्षदेखि सुरु गरेको पुस्तकरहित शुक्रबारको प्रभाव मूल्यांकन गर्ने मुख्य उद्देश्यले यो मेला गरेको हो

■ **इन्द्रप्रसाद दाहाल**
शिक्षा विभाग अधिकृत, कामपा

**वैदेशिक रोजगार विशेष**

## कागजातविहीन नेपालीहरूलाई अमेरिकाबाट पानामा पठाइयो १ हजार ३५६ नेपाली देशनिकालाको जोखिममा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन ।

अमेरिकाले नेपाल पठाउनुपर्ने केही कागजातविहीन नेपालीहरूलाई पानामा पठाएको छ । नेपालीसहित कागजातविहीन आप्रवासी कामदारलाई ट्रम्प प्रशासनले किन उनीहरूको उत्पत्तिको देशको सट्टा तेस्रो देशहरूमा पठाउँदै छ ? पानामा र कोस्टारिकाले ट्रम्प प्रशासनले पठाउने तेस्रो देशका निर्वासितहरूलाई स्वीकार गरिरहेका छन् ? भन्ने गम्भीर प्रश्न अन्तर्राष्ट्रिय क्षेत्रमा उठेको अन्तर्राष्ट्रिय संचार माध्यम अल जजिराले उल्लेख गरेको छ ।

अमेरिकाले उडान संख्या र पानामा पठाएका नेपालीसहितका आप्रवासीहरूको संख्याका बारेमा आधिकारिक विवरण सार्वजनिक गरेको छैन । तर, समाचारमा २० फेब्रुअरीमा नेपालसहित इरान, भारत, श्रीलंका, पाकिस्तानका नागरिक पानामा अवतरण गराइएको र त्यसअघि १३ फेब्रुअरीमा अफगानिस्तान, चीन, उज्वेकिस्तान र रुसका बालबालिकासहित कम्तीमा १३५ जना कोस्टारिकाको राजधानी सान जोसे पुगेका उल्लेख छ ।

युनिभर्सिटी अफ क्यालिफोर्निया वासिंगटन सेन्टरका कार्यकारी निर्देशक तान्या गोलास-बोजा आप्रवासीहरूलाई तेस्रो देशमा किन पठाइन्छ ? भन्नेबारे आधिकारिक स्पष्टीकरण नदेखेको भए पनि अमेरिकी बन्दीगृह 'डिटेन्सन सेन्टरहरू' भरिएकाले त्यसो गरेको हुनसक्ने अनुमान लगाउँछिन् ।

हाल अमेरिकी अध्यागमन र भन्सार प्रवर्तन (आईसीई को हिर ासतमा ३८ हजार ५२१ जनाा राख्न सकिने भए पनि पक्राउ गरिएका ४२ हजार आप्रवासी राखिएको सीबीएस न्युजले उल्लेख गरेको छ ।

अमेरिकी कानुनअनुसार १ पटक अमेरिकी माटो छाडेपछि उनीहरूले अमेरिकामा पाएका सबै अधिकारहरू गुमाउँछन् । तेस्रो देशमा पठाइएका निर्वासितहरूलाई अमेरिकी कानुनअन्तर्गत सुरक्षा प्रदान गरिँदैन । पानामा र होन्डुरसले ट्रम्प प्रशासनलाई खुसी बनाउन आप्रवासीहरूको अन्तर्राष्ट्रिय कानुनविपरीत व्यवहार गरेको शरणार्थी मामिलासम्बन्धी अन्तर्राष्ट्रिय कानुनविद्‌हरूले टिप्पणी गरेका छन् ।

अमेरिकी नागरिक अधिकारका लागि गैरनाफामूलक संस्था, अमेरिकन सिभिल लिबर्टिज युनियनलगायत आप्रवासी समर्थक अधिकार समूहहरूले तेस्रो देश पठाउने योजनालाई लिएर ट्रम्पविरुद्ध अघिल्लो कार्यकालमा नै मुद्दा हालेका थिए । मुद्दाको समाधान हुनुअघि नै ट्रम्पको पहिलो कार्यकाल समाप्त भई जो बाइडेन प्रशासनले >>> पृष्ठ २ मा

**ट्रम्प–जेलेन्सकी चर्काचर्की**

## विश्व राजनीति थप तरंगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन ।



रुस-युक्रेन युद्धलाई लिएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लिएको अग्रसरताले विश्व राजनीति तरंगित छ । यो युद्ध अन्त्यबारे अमेरिकी राष्ट्रपति ट्रम्प र युक्रेनी समकक्षी भोलोदिमिर जेलेन्स्कीबीच भएको भेट र उक्त भेटमा भएको सवाल जबाफले तरंगित विश्व राजनीतिलाई थप मलजल गरिदिएको छ ।

अमेरिकी समयअनुसार शुक्रबार दिउँसो अमेरिकी राष्ट्रपति ट्रम्प र युक्रेनी समकक्षी जेलेन्स्कीबीच भेट भएको थियो । संचार माध्यमका अगाडि उनीहरूबीच चर्काचर्की नै परेको हो । अन्तर्राष्ट्रिय संचार माध्यमहरूका अनुसार २ नेताबीचको भेटमा सुरुवाती आधा घण्टा सुमधुर वार्ता भएका थिए । वार्ताका क्रममा रुस-युक्रेनबीचको युद्ध कूटनीतिक माध्यमबाट शान्ति र समृद्धिको बाटोमा बदल्नुपर्ने र यही काम अमेरिकाले गरिरहेको अमेरिकी उपराष्ट्रपति जेडी भान्सले बताए ।

जबाफमा जेलेन्स्कीले अमेरिका रुसको पक्षमा दखिएको आशंका गरे । सन् २०१९ मा भएको युद्धविराम असफल भएको विषय निकाले । यस प्रसंगबाट नेताहरूबीच चर्काचर्की परेको हो ।

चर्काचर्कीपछि युक्रेनको समर्थनमा आफ्ना भनाइहरू सार्वजनिक गरेका छन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको जित देखिनेगरी युद्धविराम गराउन बाध्य पार्ने छन् भन्ने चिन्तामा रहेका अमेरिकी सहयोगी युरोपेली मुलुकका नेताले अमेरिकी र



गाजा क्षेत्र प्यालेस्टाइनीहरूबाट खोस्ने योजनाले त्यसकै संकेत गर्छ । साथै, रुस र युक्रेनबीचको युद्ध अन्त्यको नाममा भएको अमेरिकी प्रयास विश्वशान्तिको उद्देश्यसँग जोडिएको देखिएन

■ **शंकर पोखरेल**
महासचिव, नेकपा एमाले

युक्रेनी नेताहरूबीचको चर्काचर्की संचार माध्यममा आएसँगै जेलेन्स्की र युक्रेनको समर्थनमा आफ्ना भनाइहरू सार्वजनिक गरेका छन् । युक्रेन एक्लै नरहेको सन्देश दिइरहेका छन् । नेकपा एमालेका महासचिव शंकर पोखरेल अमेरिका र युक्रेनबीच अमेरिकामा भएको प्रत्यक्ष वार्ताले धेरैलाई धेरै कुराको पाठ सिकाएको बताउँछन् ।

'हरेक राष्ट्रले आफ्नो राष्ट्रिय हितका लागि छिमेकसँगको सम्बन्धलाई प्राथमिकतामा राख्नुपर्छ । छिमेकीसँगको सम्वन्ध बिग्रँदा ठूला र शक्तिशाली देशहरूले पनि दुःख पाउनुपर्दो रहेछ', पोखरेलले सामाजिक संजालमा लेखेका छन्, 'छिमेकका विरुद्ध बाहिरवाट प्राप्त हुने सहयोग अस्थायी र कतिपय अर्थमा स्वार्थ आधारित हुँदो रहेछ ।'

उनी थप्छन्, 'आज रुस र युक्रेन दुवैका लागि युद्ध घाँडो भएको छ । तर, युद्ध अन्त्यका लागि उनीहरूले निकै ठूलो मूल्य चुकाउनुपर्ने अवस्था देखिँदै छ ।'

उनका अनुसार ट्रम्प-जेलेन्स्की चर्काचर्कीले विश्वलाई धेरै पाठ सिकाएको छ । उनी लेख्छन्, 'शान्ति र स्थायित्वका लागि अब हरेक देशले सोच्नुपर्छ, क्षेत्रिय शान्तिबिना विश्व शान्ति सम्भव हुँदैन । त्यसमाथि एसियाली देशहरूले आपसी सम्बन्धको विकासमा जोड दिने हो भने एसिया विश्व सभ्यताको केन्द्रका रूपमा पुनः स्थापित हुने अवस्था छ ।'

अमेरिकाको पछिल्लो रणनीतिले अब भू-राजनीतिको द्वन्द्वको केन्द्रको एसिया बन्न सक्ने संकेत गरेको छ ।

'गाजा क्षेत्र प्यालेस्टाइनीहरूबाट खोस्ने योजनाले त्यसकै संकेत गर्छ', उनी लेख्छन्, 'साथै, रुस र युक्रेनबीचको युद्ध अन्त्यको नाममा भएको अमेरिकी प्रयास विश्वशान्तिको उद्देश्यसँग जोडिएको देखिएन ।' अमेरिकाको नियतमै शंकरको >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१८ फागुन २०८१ आइतबार
2 March 2025, Sunday

## एउटा...

२ माघमा भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश जारी भएको थियो। यी ६ वटै अध्यादेश दुवै सदनमा प्रस्तुत भइसकेका छन्। संसद् अधिवेशन नरहेका बेला सरकारले अध्यादेश ल्याउन पाउने संवैधानिक अधिकार छ। संसद् अधिवेशन नरहेका बेला जारी भएका अध्यादेश अधिवेशन सुरु भएकै दिन दुवै सदनमा पेस गर्नुपर्ने संवैधानिक व्यवस्था छ। यसअनुसार १८ माघमा दुवै सदनमा ६ वटै अध्यादेश प्रस्तुत भइसकेका छन्।

तर, सदनमा पस्तुत भएका ६ वटै अध्यादेश १ महिनादेखि अलपत्र परेका छन्। अध्यादेश ल्याएको १ महिना भए पनि हालसम्म संसद्मा अध्यादेश स्वीकृतिका लागि निर्णयार्थ पेस हुन सकेको छैन।

राष्ट्रियसभाको बैठक आज (आइतबार) बस्दै छ। आइतबारको सदनमा अध्यादेश अगाडि बढाउने कार्यसूची तय भएको छैन। प्रतिनिधिसभाको बैठक २१ फागुनमा बस्दै छ। २१ वा २२ फागुनमा दुवै सदनमा अध्यादेश निर्णयार्थ पेस गर्ने तयारी रहेको सत्तारूढ दलका नेताहरू बताउँछन्।

तर, राष्ट्रियसभामा आवश्यक अंकगणित भने मिलिसकेको छैन।

सरकारमा सहभागी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल र सरकारलाई समर्थन गरेको जनता समाजवादी पार्टी (जसपा) नेपाल भूमिसम्बन्धी अध्यादेशको विपक्षमा छन्। भूमिसम्बन्धी अध्यादेश फिर्ता लिनुपर्ने शर्तले बाँकी अध्यादेशहरू पनि अलपत्र परेका हुन्। जसपा नेपालले भूमिसम्बन्धी अध्यादेश फिर्ता नलिए सडक आन्दोलन गर्ने चेतावनी दिएको छ। तर, जसपा र लोसपा अन्य अध्यादेशहरूप्रति सकारात्मक छन्।

एमालेका नेता शेरबहादुर तामाङ अध्यादेश अलपत्र परे भनेर भ्रम फैलाइएको बताउँछन्। अध्यादेश अलपत्र अवस्थामा नरहेका र अब छिट्टै संसद्मा पेस भएर पारित गरिने नेता तामाङको भनाइ छ। सत्तारूढ दलहरूबीच अध्यादेशका सन्दर्भमा कुनै मतभेद नरहेको पनि उनको दाबी छ।

अध्यादेश पारित गराउन सत्ता पक्षका दलहरू एकल, द्विपक्षीय र बहुपक्षीय छलफल गरे पनि कुनै निष्कर्षमा पुग्न सकेका छैनन्। सरकारले बनाएको उच्चस्तरीय अध्यादेशको विषयमा तार्किक निष्कर्षमा पुग्न ३ फागुनमा बसेको सत्तारूढ ७ दलको बैठकले सत्तारूढ सबै दलका १/१ जना प्रतिनिधि रहनेगरी कार्यदल पनि बनाएको छ। तर, कार्यदल पनि निष्कर्षमा पुग्न सकेको छैन।

अहिले अध्यादेशमा रहेका विषयवस्तुलाई परिमार्जन गर्न सरकारले न छलफल गरेको छ, न अध्यादेश फिर्ता नै लिएको छ, न त संसद्मा छलफलका लागि निर्णयार्थ पेस गर्न सकेको छ।

भूमिसम्बन्धी अध्यादेशमा देखिएको बिमतिका कारण २४ माघ र ६ फागुनमा निर्णयार्थ प्रस्तुत गर्नका लागि गरेको तयारी अन्तिममा रोकिएको थियो।

सरकारले ल्याएका अध्यादेश संसद् अधिवेशन सुरु भएको ६० दिनभित्र पारित गरेर कानुन बनाउनुपर्ने कानुनी व्यवस्था छ। तर, १८ फागुनमा संसद्को अधिवेशन सुरु भएको १ महिना पुग्ने भए पनि २१ फागुनसम्म छलफलका लागि स्वीकृति प्रदान गर्न निर्णयार्थ प्रस्तुत नहुने निश्चित देखिन्छ। '२१ फागुनमा जारी भएका अध्यादेश निर्णयार्थ पेस गर्ने तयारी छ', एमाले प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिए। प्रतिनिधिसभामा सहज बहुमत भएको सत्ता गठबन्धनको राष्ट्रियसभामा जसपा नेपाल र लोसपा नेपालले भूमिसम्बन्धी अध्यादेशबाट हात झिकेकाले बहुमत पुग्दैन, जसका कारण सरकारले दुवै सदनमा अध्यादेश निर्णयार्थ पेस गर्न सकिरहेको छैन।

सरकारलाई समर्थन गरेको जनता समाजवादी पार्टी (जसपा) नेपाल र एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकारमा सहभागी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले भूमिसम्बन्धी अध्यादेशमा अस्वीकार गर्ने निर्णय गरेपछि सरकारले जारी गरेका ६ अध्यादेश १ महिनादेखि संघीय संसद् सचिवालयमा अलपत्र छन्।

तर, अहिलेसम्म अध्यादेशमा असन्तुष्ट जसपा नेपाल र लोसपा नेपाललाई मनाउन नेपाली कांग्रेस र एमालेले कुनै छलफल भने गरेका छैनन्। पहिला कांग्रेस, एमालेसहित अध्यादेशमा सहमत दलहरूसँग अनौपचारिक छलफलपछि मात्र असन्तुष्ट दलहरूसँग छलफल गर्ने उनीहरूको तयारी छ।

## संसदीय...

नै सहयोग गरे २८ सांसद पुग्छन्। अंकगणीय समीकरणअनुसार अध्यादेश पारित गराउन सरकारलाई २ सांसदको अभाव छ। राष्ट्रियसभामा जसपा नेपालका ३ र लोसपा नेपालका १ सांसद छन्। जसपा नेपाललाई एक्लै फकाउन सक्दा पनि सरकारलाई राष्ट्रिय सभामा बहुमत पुग्छ। तर, ती दुवै दल विपक्षमा उभिएकाले अध्यादेश पारित गराउन सरकारलाई सकस परेको हो। तर, नेपाली कांग्रेसका नेता रामकृष्ण यादवले सबै दलहरूको सहमतिमै अध्यादेश पारित हुने दाबी गर्छन्। सबै पार्टीहरूको सहमतिमा पारित हुन्छ भन्ने विश्वास रहेको उनले बताए।

## गठबन्धनको...

पक्षमा बहुमत पुऱ्याउन सरकारले नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी)को सहयोग लिने प्रयासमा छ। संवैधानिक प्रावधानअनुरूप सरकारले अध्यादेश अबको ३० दिनभित्र पारित गरिसक्नुपर्छ। अन्यथा, अध्यादेश स्वतः निस्क्रिय हुने छ। तर, प्रतिष्ठाको विषय बन्दै आएको अध्यादेश निस्क्रिय होस् भन्ने सरकार चाहँदैन। यसर्थ, सरकार सम्बद्ध दलहरू कांग्रेस र एमाले अध्यादेश पारित गर्ने दोस्रो विकल्पको खोजीमा छन्।

यही विकल्पअन्तर्गत माधव नेपाललाई फकाउने उनीहरूको रणनीति छ। नेपालको दल अध्यादेशको पक्षमा नआए दल विभाजनसम्बन्धी विधेयक ल्याएर भए पनि फुटाउने रणनीति पनि सत्तापक्षको छ।सत्तापक्षले बनाएको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा पनि यसबारे छलफल भएको कांग्रेसका एक नेता बताउँछन्।

कांग्रेसले पनि अध्यादेश पास गराउन नेकपा एस नै उपयुक्त दल भएको निष्कर्ष निकालेको छ। त्यसमा एमालेले पनि समर्थन जनाएको छ। त्यसबमोजिम सुरुमा नेकपा एसलाई फकाउने र अध्यादेशको पक्षमा उभ्याउने तयारी कांग्रेस-एमालेको छ। तर, यदि त्यसो हुन नसके दल विभाजनसम्बन्धी विधेयक ल्याउनेगरी छलफल अगाडि बढाउने पनि आन्तरिक तयारी भइरहेको छ।

अध्यादेश राष्ट्रियसभामा पारित नभए पनि पुनः पास गरेर प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाउन सक्ने अधिकार प्रतिनिधिसभालाई छ। यही प्रावधानलाई टेकेर सरकारले दल विभाजनसम्बन्धी विधेयक ल्याउने विषयमा गठबन्धनमा छलफल गरिरहेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले यसैगरी अगाडि बढ्नुपर्ने अवस्था आउन सक्ने गठबन्धन र राजनीतिक संयन्त्रको बैठकमा ब्रिफिङ पनि गरेका छन्।

यो विकल्पलाई सरकारले 'प्लान बी'अन्तर्गत राखेको छ। यद्यपि, जसपा नेपाल र लोसपा नेपालका शीर्ष नेताहरूसँग निर्णायक संवाद गर्ने तयारी पनि गठबन्धनको छ। कांग्रेसका एक नेताका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्ने विधेयकलाई संसद्मा अघि बढाउन लागिएको हो।

यो विधेयकको दफा ३३ को व्यवस्था लामो समयदेखि निस्क्रिय रहँदै आएको छ। सोही दफालाई सक्रिय बनाउँदै विधेयक अघि बढाउन लागिएको हो।

यो विधेयक संशोधनले दल विभाजन गर्न सहज भए केही दल फुट्न सक्छन्। संसद्मा अध्यादेश अघि नबढेका बेला प्रतिपक्ष दलहरूलाई यही विषयमा दबाब दिन पनि सरकारले यो विधेयक ल्याउन लागेको हो।

नेकपा (एकीकृत समाजवादी)का नेता भानुभक्त जोशीले दल विभाजनतर्फ नलाग्न सरकारलाई आग्रह गरे। जोशीले कांग्रेस र एमाले जस्ता जिम्मेवार दलले अरू दल विभाजनतर्फ लाग्न बताउँदै दल फुटाउनुभन्दा विपक्षी दलहरूसँग मिलेर देशका ठूला र जटिल समस्या समाधान गर्नतर्फ लाग्नुपर्ने बताए।

## बुक...

'महानगरपालिकाले गत ३ वर्षदेखि सुरु गरेको पुस्तकरहित शुक्रबारको प्रभाव मूल्यांकन गर्ने मुख्य उद्देश्यले यो मेला गरेको हो', उनले मध्यान्हसँग भने, 'विद्यालयहरूमा शैक्षिक नतिजा सुधार तथा शैक्षिक वातावरणका लागि थालिएका कार्यक्रमहरूबाट विद्यार्थीमा परेको प्रभाव र यसबाट उनीहरूले सिकेका ज्ञान र सीपहरूको प्रस्तुति तथा प्रदर्शन भएको छ।'

विद्यार्थीहरूबाटै भएको प्रदर्शनीबाट 'बुक फ्री फ्राइडे' प्रभाव सकारात्मक देखिएको छ। मेलामा विद्यार्थी नमुना संसद् अभ्यास आकर्षक देखिएको थियो। त्यस्तै, विद्यालय शिक्षा सुधारसम्बन्धी छलफल, बुक फ्री फ्राइडेको बाबा उपसमूहअन्तर्गत मरुहिटी पानीको गुण जाँच तथा प्रविधिमार्फत सिकाइको प्रदर्शनी, विद्यार्थीका अनुभूति कोरिएका १ हजार बढी स्केचिङ र स्कल्प्चरका नमुना प्रदर्शनी, टिचर कलेज प्रोग्रामसम्बन्धी गतिविधि तथा नतिजा सुधारका असल अभ्यासको आदानप्रदान, महानगरपालिकाका शैक्षिक गतिविधिको प्रदर्शनी गरिएको छ।

महानगरपालिकाभित्रका ८७ वटा सामुदायिक विद्यालयमा ६१ हजार ३२९ जना विद्यार्थी र ५२४ वटा संस्थागत विद्यालयमा २ लाख १० हजार ९३४ जना गरी २ लाख ७२,२६३ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये सबै सामुदायिक विद्यालयमा प्रत्येक शुक्रबार व्यावहारिक शिक्षा दिइँदै आएको महानगरपालिकाले जनाएको छ। व्यावहारिक शिक्षाका लागि विद्यालय शिक्षाको नवप्रवर्तनमा आधारित अभ्यासमा सिकाइ, भोगाइ र असल अभ्यासको आदानप्रदानमा मेला थप उपयोगी भएको शिक्षा अधिकृत दाहालले बताए। मेलालाई शैक्षिक सत्रको अन्त्यमा सैद्धान्तिक विषयको लिखित परीक्षा भएजस्तै व्यावहारिक र प्रयोगात्मक कक्षाहरूको नतिजा मापन औजारका रूपमा लिइएको महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले बताइन्।

'बालमैत्री शिक्षण सिकाइबाट असल र सफल नागरिक उत्पादनमा महानगरपालिकाको जोड रहेको छ', उनले भनिन्, 'महानगरले सामुदायिक विद्यालयबाट थालिएको शैक्षिक सुधारका कार्यक्रमअन्तर्गत यस पटक संस्थागत विद्यालयलाई पनि जोड्दै लैजाने योजना बनाएको छ।' शिक्षाको स्तरोन्नतिका लागि मेलाले थप सहयोग पुगेको उनको भनाइ छ।

विद्यालय शिक्षालाई वैज्ञानिक र व्यावहारिक तथा विद्यार्थीको रुचि र अभिभावकहरूको चाहनाअनुरूप संचालन गर्नका लागि महानगरपालिकाले सामुदायिक विद्यालयबाट विभिन्न कार्यक्रममार्फत प्रयास थालेको छ। शैक्षिक मेलामा बालबालिकाको शैक्षिक, शारीरिक, मानसिक, चारित्रिक विकास, विद्यालयको पूर्वाधार, शिक्षकहरूको क्षमता विकासलगायतका कार्यक्रमको बिम्ब समेटिएको विद्यालयका प्रधानाध्यापकहरूले बताएका छन्।

प्रदर्शनीको मुख्य भूमिका विद्यार्थीहरूको रहे पनि मेला आयोजनाका लागि महानगरपालिकाको शहरी योजना आयोग, शिक्षा विभाग, स्रोत शिक्षक, प्रधानाध्यापक र शिक्षकहरूले सहजीकरण गरेका शिक्षा विभागले जनाएको छ।

बुक फ्री फ्राइडेअन्तर्गतका ३५ वटा शैक्षिक उपसमूहका स्टलमार्फत रुचि र नतिजा प्रदर्शित भए। शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि तथा स्वदेशी एवं विदेशी पाहुनाले समेत अवलोकन गरेको बताइएको छ। सामुदायिक विद्यालयहरूले दिवा खाजाका रूपमा ३० रुपैयाँमा उपलब्ध गराउने खाजा १० वटा स्टलबाट सबैलाई ३० रुपैयाँमा नै उपलब्ध गराइयो।

चालू शैक्षिक सत्रको अन्तिममा बुक फ्री फ्राइडेका दिन २३ फागुनमा साझेदार र सरोकारवालाले आफू नजिकको सामुदायिक विद्यालयका कार्यक्रम अवलोकन गराउने योजना बनाइएको छ। यसपछि शैक्षिक क्रियाकलापका नवीनतम आयामका विषयमा पृष्ठपोषण लिन गोलमेच, अन्तरक्रिया आयोजना गर्ने तयारीमा रहेको शिक्षा अधिकारी दाहालले जानकारी दिएका छन्। विद्यालयको पूर्वाधार र शैक्षिक वातावरणका लागि बहुवर्षे कार्यक्रमअन्तर्गत महानगर गौरव योजनामा 'गरी खाने शिक्षा, महानगरपालिकाको इच्छा' कार्यक्रम कार्यान्वयनमा छ। यस्तै, नियमित र प्राथमिकतामा राखिएको महानगर स्वर्णिम योजनाअन्तर्गत 'सुन्दर विद्यालय परियोजना' र 'रचनात्मक विद्यालय'समेत कार्यान्वयनमा ल्याइएको छ।

## विश्व...

आशंका छ। अगाडि लेख्छन्, 'अमेरिकी प्रयासमा खनिज सम्पदाको प्राप्ति मुख्य विषय बन्न पुगेको छ। यस प्रकारको स्वार्थपरक नीतिले अन्ततः आर्थिक स्वार्थ आधारित नयाँ प्रकारको भू-राजनीतिक द्वन्द्वको विकास गर्ने छ। यस प्रकारको परिस्थितिवाट एसियाली राष्ट्रहरू विशेष ढंगले सचेत बन्नु आवश्यक छ।'

## कागजातविहीन...

सरकारको नीतिहरू परिवर्तन गरेपछि मुद्दा रोकिएको थियो। पानामा र कोस्टारिका जस्ता मध्यअमेरिकी देशहरू ट्रम्पको राजनीतिक र आर्थिक दबाबमा विदेशी निर्वासितहरूलाई लिन सहमत भएको कतिपय विश्लेषकहरूको भनाइ छ। मध्यअमेरिकी राष्ट्र बोगोटाले गत महिना कोलम्बियाका निर्वासितहरूलाई बोकेका २ अमेरिकी सैन्य विमान अवतरण गर्न दिन अस्वीकार गरेपछि अमेरिकी राष्ट्रपति ट्रम्पले सबै कोलम्बियाली सामानहरूमा २५ प्रतिशत शुल्क लगाउने धम्की दिएका थिए।

कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले सुरुमा प्रतिशोधात्मक टयारिफको धम्की दिएर प्रतिक्रिया दिए तर अन्ततः पछि हटेर निर्वासन उडानहरू स्वीकार गर्न सहमत भएका थिए।

अमेरिकामा नेपालीको समस्या पनि ठूलै छ। शरणार्थी मान्यताका लागि दर्ता भएका झन्डै १५ हजार आवेदन विचाराधीन रहेका बताइएको छ। निवर्तमान राष्ट्रपति जो बाइडेनको कार्यकालको अन्तिम र वर्तमान राष्ट्रपति ट्रम्पको प्रशासन सुरु भएपछिको अवस्थामा अमेरिकाको अध्यागमन अदालतले नेपालीका झन्डै ६० प्रतिशत निवेदन स्वीकार गरी शरणार्थी मान्यता दिएका छन्। त्यसरी शरणार्थी मान्यता पाउनेहरू ट्रम्प प्रशासनको देश निकाल्ने कारबाहीबाट मुक्त रहने बताइएको छ।

शरणार्थी मान्यता अस्वीकृत गर्ने हालको दर कायम रहे कम्तीमा ६ हजार नेपालीले अमेरिकाबाट देशनिकालाको सामना गर्नुपर्ने अनुमान छ। शरणार्थी मान्यताका लागि दर्ता भएका सबै उजुरी टुंगोमा नपुगेको हालको अवस्थामा १ हजार ३५६ जना नेपालीहरु देशनिकालाको जोखिममा रहेका बताइएको छ।

# हामी सधैं लोकतान्त्रिक मूल्यमान्यताको पक्षमा छौं: नेपाल

लेखनाथ सिकारु/मध्यान्ह
काठमाडौं, १७ फागुन

विभिन्न राजनीतिक दल परित्याग गर्दै कपिलवस्तुमा एक हजार ७ सय बढी नेताकार्यकर्ता नेकपा (एकीकृत समाजवादी) मा समावेश भएका छन्। शनिबार कपिलवस्तुको ११औं जिल्ला अधिवेशन तथा पार्टी प्रवेश कार्यक्रममा माओवादी केन्द्रका नेता तथा पूर्वसांसद रामलौटन चौधरी, मायादेवी गाउँपालिकाका पूर्वउपाध्यक्ष गीता तिवारीलगायत विभिन्न तहका नेताकार्यकर्ताले एकीकृत समाजवादी रोजेका हुन्।



उनीहरुलाई पार्टीका अध्यक्ष माधवकुमार नेपालले पार्टीमा स्वागत गरेका थिए। कार्यक्रममा अध्यक्ष तथा पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले भने, 'सत्तामा बसेर जनताको पक्षमा काम गर्न नसक्नेहरूबाट दिक्क भएर कमरेडहरू समाजवादी आन्दोलनमा सामेल हुनुभएको छ। हामी सधैं जनताको अधिकार र लोकतान्त्रिकमूल्य-मान्यताको पक्षमा खडा हुनेछौं।' कार्यक्रममा सहभागी नवप्रवेशी नेताकार्यकर्ताहरूले वर्तमान सत्ताधारी दलहरू जनताको भावनासँग विमुख भएको आरोप लगाउँदै एकीकृत समाजवादी रोजेको बताए। पूर्वसांसद रामलौटन चौधरीले भने,' हामीले जनताको पक्षमा काम गर्न चाह्यौं, तर जहाँथियौं, त्यहाँ त्यसको सम्भावना देखिएन।


## KhaptadChhanna Rural Municipality
## Office of Rural Municipal Executive
**Chhanna, Bajhang**
**Sudurpaschim Province, Nepal**

### Invitation For The Sealed Quotations

**Date of publication:2081/11/18 (March 02, 2025)**

1. Khaptadchhanna Rural Municipality, office of Rural Municipal Executive invites electronic Sealed bids from Nepalese eligible bidders for the supply of delivery item of goods mentioned below under Sealed Quotations.

| SN | IFB Number | Description of Works | Bid Security Amount (NRS) | Bid Security Period (Days from Date of Bid opening) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|
| 1 | KCRM/SQ/ GOODS/2081/082-02 | Procurement of Different Size of HDPE pipe For KCRM | 25,000. | 75 days | 1,000 |
| 2 | KCRM/SQ/ GOODS/2081/082-03 | Supplies and Delivery of Medicine For Khaptadchhanna Rural Municipality | 40,000 | 75 days | 1,000 |
| 3 | KCRM/SQ/ GOODS/2081/082-04 | Procurement & Transportation of Sanitary Pad For Khaptadchhanna RM Office | 30,000 | 75 days | 1,000 |

2. Eligible Bidders may obtain further information may visit PPMO website www.bolpatra.gov.np/egp to inspect bidding document. The Purchaser reserves the right to accept or reject the Project. Sealed Quotation Document Shall Follow the Public Procurement Acts and Regulation.
3. Bidder submit their Sealed bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp, Bidders, submitting their Sealed bid electronically.
4. Electronic Sealed bids must be submitted to the office Khaptad Chhanna Rural Municipality, Chhanna, Bajhang through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on 18-03-2025. Bids received after this deadline will be rejected.
5. The Sealed bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm 18-03-2025at the office of Khaptad Chhanna Rural Municipality, Chhanna, Bajhang. For more Detail visit the site of www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



**Local Government**
## Indrawati Rural Municipality
## Office of Rural Municipal Executive
**Nawalpur, Sindhupalchok**
**Bagmati Province, Nepal**

### Intention to Award

**Date od Publication : 2081-11-18**

Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifing to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intented to award the contract.

| S. N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/NCB/ 081/082-22 | Construction of Kunchowk Khanepani Yojana, Indrawati 2 & 3, Sindhupalchok | M/S Narayanthan Nirman Sewa, Indrawati-5, Sindhupalchok | NRs. 5846735.78 |

**Chief Administrative Officer**



## काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति २०८१/११/१८**

यस श्री चित्लहया सामुदायिक वन उपभोक्ता समुह, बाँसगढ़ी-९ बर्दियाको वनबाट उत्पादन भई यस समूहको घाट्गद्दीमा लट बनाई राखिएको साल र अस्ना जातको ७८४.४ घ.फि. काठ र ३ चट्टा सालको दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विकि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत ईच्छुक उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिन (२०८१/१२/०९ गते) कार्यालय समयभित्र खरिद गरी २२औं दिन (२०८१/१२/१० गते) दिउँसो १२.०० बजेभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धप विस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री चित्लहवा सामुदायिक वन उपभोक्ता समह,**
**बाँसगढी नगर-९ बर्दिया**



**Province Government**
**Koshi Prdesh**
**Ministry of Health**
## Province Health Logistic Management Center

### Invitation for Bids

**First Date of publication: 2nd March 2025 (18 Falgun 2081)**

1. The Ministry of Health, Province Health logistic Management Center, Biratnagar invites electronic bids from eligible bidders for the Procurement of Medicines National competitive bidding – **Single Stage Double Envelope (1S2E)** procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistic Management Center, Koshi Province, Biratnagar, E-mail: rmsbiratnagargmail.com, or may visit PPMO eGP system www.bolpatra.gov.np/egp or www.phlmc.p1.gov.np
3. Bidding documents is available online and can be downloaded from eGP system www.bolpatra.gov.np/egp. Interested Bidders shall register in the e-GP system and deposit the cost of bidding documents in the following Rajaswa (revenue) account as specified below:
   Name of the Bank: **Rashtriya Banijya Bank, Biratnagar**
   Name of Office: **Province Health Logistics Management Center, Biratnagar**
   Office Code no.: **3700113011**
   Office Account no.:**1000100201010001**
   Rajaswa (revenue) Shirshak no.: **14229**
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 noon on 2nd April 2025(20 Chaitra 2081)**. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM on 2nd April 2025(20 Chaitra 2081)**. at the office of Province Health Logistic Management Center, Biratnagar.
5. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

| S. N. | Contract Identification No. | Description of Items | Cost of Bidding document (NRs) | Dharauti Account No. | Amount of Bid security (NRs) | Bid Validity | Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1 | PHLMC-KOSHI/G/ NCB-6.1 (Cardio-Diabetic Medicines)/2081-82 | Procurement of Cardio-Diabetic Medicines | 3000.00 | **2120100202030000** | 2,60,000.00 | 90 days | 31 July 2025 |
| 2 | PHLMC-KOSHI/G/ NCB-6.2(Oral/Topical Medicines)/2081-82 | Procrement of Oral/Topical Medicines | 3000.00 | **2120100202030000** | 5,20,000.00 | 90 days | 31 July 2025 |
| 3 | PHLMC-KOSHI/G/NCB-6.3 (Procrement of Injectable Medicines)/2081-82 | Procrement of Injectable Medicines | 3000 | **2120100202030000** | 2,50,000.00 | 90 days | 31 July 2025 |

**Director**

# चन्द्रनिगाहपुरका १० र बर्दिबासका ५ वटा अस्पताल बन्द गर्न निर्देशन

**मनोज साह/मध्यान्ह**
रौतहट, १७ फागुन



अवैध र अनधिकृत रूपमा सञ्चालित मधेश प्रदेशका निजी अस्पतालहरू धमाधम बन्द हुन थालेका छन् । प्रदेशमा निजी अस्पतालहरू अवैध तरिकाले सञ्चालित भएको पाइएपछि मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सक्रियता जनाएपछि त्यस्ता अस्पतालहरू धमाधम बन्द हुन लागेको हो ।

रौतहटको चन्द्रनिगाहपुरमा दर्ता नभएका सिभिल र हाईवे ट्रमासहित १० वटा निजी अस्पताल बन्द गर्न मुख्यमन्त्री सिंहले निर्देशन दिएका छन् ।

मुख्यमन्त्री सिंहले शनिबार चन्द्रनिगाहपुरको अस्पतालहरूको अनुगमन गर्दै १० वटा निजी अस्पताल बन्द गर्न अस्पताल संचालकहरूलाइ निर्देशन दिँदै पत्र पठाएका हुन् ।

यसअघि मुख्यमन्त्री सिंहले शुक्रबार राति महोत्तरीको बर्दिबासमा अस्पतालहरूको अनुगमन गरेका थिए । अनुगमनका क्रममा अनधिकृत रूपमा सञ्चालित ५ वटा अस्पताल बन्द गर्न मुख्यमन्त्री सिंहले निर्देशन दिए । बर्दिबासका ८ अस्पतालको अनुगमनका क्रममा ५ वटा अनधिकृत पाइएपछि मुख्यमन्त्री सिंहले बन्द गर्न निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री सिंहसहितको टोलीले चन्द्रनिगाहपुरका ११ वटा अस्पतालको अनुगमन गरेको थियो । जसमध्ये चन्द्रपुर अस्पताल प्रालि मात्रै नियमअनुसार दर्ता भएर सञ्चालित छ ।

बन्द गराइएका अस्पतालहरूमा हाइवे ट्रमा हस्पिटल एण्ड रिर्सच सेन्टर प्रालि, सिभिल हुम्यान एण्ड रिसर्च सेन्टर, पब्लिक लाइफ केयर पोलिक्लिनिक, एपोलो सिटी अस्पताल, चपुर सिटी अस्पताल, हिमालय पोली क्लिनिक चन्द्रपुर, सामुदायिक अस्पताल, नमस्ते डेन्टल क्लिनिक, चन्द्रपुर अर्थोपेडिक अस्पताल र चन्द्रपुर आँखा तथा दाँत उपचार केन्द्र छन् ।

दर्ता नभएका मेडिसिटी अस्पताल महगो शुल्क लिएको तर सेवा सुविधा शून्य भएको पाइएको छ ।

बन्द गर्न निर्देशन दिइएका १० वटा अस्पताललाई प्रक्रिया पुऱ्याएर दर्ता गराउन मुख्यमन्त्री सिंहले निर्देशन दिएका छन् ।

अनुगमनको क्रममा अहिलेसम्म प्रदेशभरिकै ५७ वटा निजी अस्पतालमा मुख्यमन्त्री सिंहले अनुगमन गरिसकेका छन् । अनुगमन गरिएका अस्पतालहरूमध्ये आधाजसो अस्पताल अवैध रूपमा सञ्चालित भएको पाइएको छ ।

मुख्यमन्त्री सिंहले २१ वटा निजी अस्पताल पूर्णरूपमा अवैध भेटिएकाले तत्कालै बन्द गर्न निर्देशन दिइसकेको बताए ।

मधेश सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधन सिंहले दर्ता नभएका अस्पताल कुनै पनि हालतमा सञ्चालन नहुन हुने बताए ।

हाईवे ट्रमा सेन्टरमा रहेको औषधी पसल पनि दर्ता नभएको पाइएको छ । यस्तै हिमालय मेडिकल हल लगायतका औषधी पसलहरूलाई कागजपत्र नवीकरण गर्न ७ दिनको समय दिइएको छ ।

मुख्यमन्त्री सिंहको निर्देशन अनुसार महोत्तरीको बर्दिबासका पिनाकल हस्पिटल, सुरक्षा अर्थोपेडिक एन्ड डेन्टल क्लिनिक प्रालि, ऊँ समाज डेन्टल क्लिनिक, खर्गा डेन्टल केयर सेन्टर र खोमुसरा डेन्टल क्लिनिक प्रालिलाई तत्काल बन्द भएको छ ।

ती अस्पतालहरूले सेवा सञ्चालन अनुमति नलिएको पाइएको छ । ती अस्पतालहरूलाई कानुनी प्रक्रिया पूरा गरी अनुमति लिएपछि मात्र पुनः सञ्चालन गर्न निर्देशन पनि मुख्यमन्त्री सिंहले दिएका छन् ।

अनुगमनका क्रममा महेन्द्र डेन्टल क्लिनिक प्रालिले आवश्यक स्वीकृति लिएको पाइएको छ भने जनसेवा हस्पिटल प्रालि र डी.एन.बी. मेडिकेयर सेन्टर प्रालिलाई सेवा अनुमतिपत्र नवीकरण गर्न निर्देशन दिइएको छ ।

केही समययता निजी अस्पताल अनुगमनलाई तीव्रता दिएका मुख्यमन्त्री सिंहले मापदण्डअनुसार भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र जनशक्ति व्यवस्थापन लगायत पूरा नगरिकनै सञ्चालनमा रहेका अस्पताल बन्द गर्न निर्देशन दिँदै आएका छन् ।

Documentation Staff
चाहियो
Computer मा Photoshop सम्बन्धि राम्रो ज्ञान र अनुभव भएको
Female Staff- 1 जना चाहिएकोले
इच्छुक महिलाले तुरुन्त सम्पर्क गर्नुहोला
सम्पर्क:
9801008101
९८०१००८१०१

# 'विराटनगरलाई शिक्षाको हब भनेर गर्व गर्न सकिन्छ'



**विराटनगर/मस**–मोरङको विराटनगर-७ मा रहेको मेरिल्याण्ड कलेजले २२औं वार्षिकोत्सव मनाएको छ । कलेजले शुक्रबार विविध कार्यक्रम आयोजना गरी आफ्नो २२औं वार्षिकोत्सव मनाएको हो । वार्षिकोत्सव समारोहमा बोल्दै प्रमुख अतिथि विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले महानगरभित्र व्यवस्थापन संकाय पठनपाठनमा निकै अब्बल मानिने मेरिल्याण्ड जस्तो कलेज भएकाले नै विराटनगरलाई शिक्षाको हव भनेर गर्व गर्न सक्ने अवस्था रहेको बताए ।

कार्यक्रममा कलेजका प्रिन्सिपल लक्ष्मण ढकालले विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न कलेजले कुनै कसुर बाँकी नराखेको बताए । उनले मेरिल्याण्ड कलेजले आफ्नो स्थापनाकालदेखि नै गुणस्तरमात्र नभइ रोजगारमुखी शिक्षालाई प्राथमिकता दिएको बताए । 'हाम्रो उत्कृष्ट नतिजाको मूल कारण चुस्त व्यवस्थापन, अनुभवी शिक्षक शिक्षिकाको टिम नै हो,' उनले भने, 'विद्यार्थीहरुको विशेष निगरानी, अतिरिक्त क्रियाकलाप, उच्च क्यारिअर डेभलपमेन्ट अपरचुनिटी आदि हाम्रो कलेजका विशेषता हुन् ।'

कलेजका उपाध्यक्ष प्रा.डा. पिके झाले मेरील्याण्डले विश्वमै लोकप्रिय बनिरहेको विकासमैत्री गुणात्मक शिक्षालाई जोड दिएको बताउँदै अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीको समग्र विकासमा पनि कलेजले उत्तिकै लगानी गरिरहेको बताए । उनका अनुसार कलेजले कविता प्रतियोगिता, वादविवाद प्रतियोगिता, क्वीज कम्पीटिसनजस्ता प्रतियोगिताहरु निरन्तर गरिरहेको छ भने कृषिशाला, भ्रमण, योगा कक्षा, खेलकुद, गेष्ट लेक्चर, मोटिभेसनल स्पीच जस्ता अतिरिक्त क्रियाकलापमा पनि विद्यार्थीहरुलाई उत्तिकै सक्रिय बनाउने गतिविधिलाई निरन्तर अगाडि बढाइरहेको बताए ।


नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, धनकुटा

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/११/१८**

यस आयोजना अन्तर्गत सञ्चालित तपसिल बमोजिमको खानेपानी आयोजनामा PE–100 HDPE खुल्ला प्रतिस्पर्धाबाट खरीद गर्नुपर्ने भएकाले इच्छुक रित पुगेका इजाजत प्राप्त व्यक्ति, फर्म वा निर्माता कम्पनीहरुबाट निम्न सर्तहरुको अधिनमा रहने गरी e–bidding मार्फत बोलपत्र आव्हान गरिन्छ ।

१. यो सूचना प्रकाशित मितिले ३१ (एकतिस) सौं दिनको १२:०० बजे भित्र तल उल्लेखित आवश्यक बोलपत्र दस्तुर फिर्ता नहुने गरी बुझाई आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, कम्पनी दर्ता प्रमाणपत्र, ईजाजत प्रमाणपत्र एवं म्याद थप गरेका कागजातका प्रमाणित प्रतिलिपिहरु संलग्न गरी www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धनकुटा शाखाको राजश्व शिर्षक नम्बर १४२२९ (प्रशासनिक दस्तुर बोलपत्र), कार्यालय कोड नम्बर ३१३०१०६०१ र संघीय राजश्व खाता नम्बर १०००२०००१०००० मा जम्मा गरेको स्क्यान कपि भौचर सहित संलग्न गरेको हुनु पर्नेछ । सप्लायर्सहरुको हकमा निर्माताबाट बिक्रीको लागि एकलौटी रुपमा जारी गरिएको आधिकारिक पत्र Manufacture's Authorization Letter को स्यान कपी र सम्झौताको समयमा सक्कलै प्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
२. जमानत बापत तोकिएको रकम राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धनकुटा शाखाको कार्यालय कोड नम्बर ३१३०१०६०१ र संघीय धरौटी खाता नम्बर क-२-३-२०१०१००१०२०३०००० मा जम्मा गरेको स्क्यान वा मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी पत्र (बिड बन्ड) बोलपत्र खोलिने दिनले कम्तिमा ९० दिनको म्याद भएको संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेसम्म Online e–bidding मार्फत पेश गर्नु पर्नेछ । Online e–bidding मार्फत दर्ता भएका बोलपत्र सोहि दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिने छ । बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. www.bolpatra.gov.np/egp बाट खरिद गरिएको बोलपत्रको मुल्य अंकित परिमाण सूचिको दररेट महलको अंक र अक्षरमा उल्लेख गरी Online e–bidding मार्फतबाट बोलपत्र पेश गर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
४. E–submission मा भएका बोलपत्रहरु खोल्ने समयमा E–bid दर्ता भएको नदेखिएमा वा फाइल Corrupt भई नखुलेमा सो को लागि कार्यालय जिम्मेवार हुने छैन ।
५. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिनमा क्रमशः सो कार्यहरु गरिनेछ ।
६. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।
८. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यलय समय भित्र सम्पर्क गर्न सकिने छ ।
बोलपत्र सम्बन्धि केहि कुरा संशोधन गर्नुपर्ने भएमा यस कार्यालयको सूचना पाटिमा टाँस गरिनुको साथै E–Bid Addendum गरिने छ ।

| क्र.सं. | बोलपत्र नम्बर | आयोजनाको नाम | आयोजना स्थल | बोलपत्र दस्तुर रु. | जमानत रकम रु. | ल. ई. रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | FWSSMP/Dhankuta/NCB/Goods/०१/२०८१/०८२ | खानेपानी सेवा विस्तार तथा पुनस्थापना कार्यक्रम | महालक्ष्मी-७, धनकुटा । | ३,०००/- | ५३,०००।०० | १८४४४७३/७० |



# Lumbini Cultural Municipality
## Office of the Municipal Executive
**Urban Resilience and Livability Improvement Project (URLIP)**
**Project Implementation Unit (PIU)**
Lumbini, Rupandehi
Lumbini Province, Nepal.

## Invitation for Bids

**Date: 02, March, 2025**

**Loan/Grant No. and Title: 4433-NEP(COL) / 0927-NEP(SF), Urban Resilience and Livability Improvement Project (URLIP)**

**Contract No. and Title: URLIP/LUM/CW-05 Lumbini Municipal office Building with access road, footpath and street improvement.**

Deadline for Submission of Bids: **02 April, 2025**

1. The Government of Nepal (GoN) has received financing from the Asian Development Bank (ADB) toward the cost of Urban Resilience and Livability Improvement Project (URLIP). Part of this financing will be used for payments under the Contract named above. Bidding is open to Bidders from eligible source countries of ADB.
2. The Lumbini Cultural Municipality, Office of the Municipal Executive, Urban Resilience and Livability Improvement Project (URLIP), Project Implementation Unit (PIU), Lumbini, Rupandehi ("the Employer") invites sealed bids from eligible Bidders for the construction and completion of Lumbini Municipal office Building with access road, footpath and street improvement ("the Works").
3. Open competitive bidding will be conducted in accordance with ADB's Single-Stage: Two-Envelope (1s2e) procedure and is open to all Bidders from eligible countries as described in the Bidding Document.
4. Only eligible Bidders with the following key qualifications defined in the Bidding Document may participate in this bidding. (refer Section 3 for other qualification criteria):
   a) Minimum Average Annual Construction Turnover (as per section 3 of Bidding Document): NRs. 445.00 million calculated as total certified payments received for contracts in progress or completed, within the last five (5) years divided by five (5).
   b) Financial Resources (as per section 3 of Bidding Document): Must demonstrate availability of Financial Resources (less its financial obligations for current contract commitments), meets or exceeds the total requirement for the subject contract, as detailed below:
   Sole Bidder: **NRs 60.00 million**
   Joint Venture
   One partner must meet or exceed its required share of 40% **NRs 24.00 million**
   Each partner must meet or exceed its required share of 25% **NRs 15.00 million**
   The combined financial resources of the Joint Venture **NRs 60.00 million**
   c) Contracts of Similar Size and Nature (as per section 3 of Bidding Document): **NRs. 290.00 million** (including VAT)
   i) Participation as a contractor, Joint Venture partner, or Subcontractor in at least One "RCC Framed Structure Building Construction" Contracts that have been satisfactorily and substantially completed within the last ten (10) years, where the value of the Bidder's participation under each contract exceeds NRs. 290.00 million.
   a) Each Partner must have completed One "RCC Framed Structure Building Construction". construction contract where the value of the Bidder's participation exceeds NRs. 91.00 million
   ii) Participation as a contractor, Joint Venture partner, or Subcontractor in at least one Contract that have been satisfactorily and substantially completed within the last Ten (10) years under open competition based on FIDIC or Multilateral Development Bank (MDB) contract document for any Civil Works, either in Nepal or in any other country outside the country of incorporation of the bidder, with minimum value of NRs. 290.00 million (Including VAT).
5. To obtain further information and inspect the bidding documents, Bidders should contact:
   **Project Manager,**
   **Lumbini Cultural Municipality,**
   **Office of the Municipal Executive**
   **Urban Resilience and Livability Project (URLIP)**
   **Project Implementation Unit (PIU),**
   **Lumbini, Rupandehi**
   **Telephone: +977 9857014561**
   **Email: urlip.lumbini@gmail.com**
   **OR Visit PPMO's e-GP system www.bolpatra.gov.np/egp**
6. To purchase the bidding documents in English, eligible bidders should
   - download the bidding documents from Public Procurement Monitoring Office's (PPMO) e-GP portal www.bolpatra.gov.np/egp.
   - pay the nonrefundable fee of **NRs. 20,000 (Rs. Twenty Thousand Only) in the form of Bank Voucher in employer's Rajaswa (revenue) account as specified below:**
   Name of the Bank: **Agricultural Development Bank, Mahilawar Branch, Rupandehi**
   Name of the Office: **Lumbini Cultural Municipality office, Rupandehi.**
   Office Account No.: **0414901146110079**
   Revenue Heading No.: **Ga 1-1, Internal Revenue Account (Antrik rajaswo Khata)**
   Before: **02 April, 2025, 12:00 Noon.**
7. Interested Bidders shall submit their electronic bids, must be delivered through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hours of 02 April, 2025.
   Bids will be publicly opened in the presence of the Bidders' designated representatives who chooses to attend at the address above (Para. 5) at 13:00 hours of 02 April, 2025.

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१८ फागुन २०८१ आइतबार
2 March 2025, Sunday

सम्पादकीय

## विभाजनको विपक्षमा

सत्ता साझेदारी गरिरहेका नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरू संसद्का अरू साना दलहरूमाथि दबाब बढाउनतर्फ अग्रसर भएका छन् । गत १७ असारमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनिरहँदा भएको ७ बुँदे सहमतिमै साना दलहरूप्रति अनुदार हुने सन्देश दिएका थिए । 'राजनीतिक स्थायित्वका निम्ति संविधान संशोधन' भन्ने भाषा प्रयोग गरेरै साना दलहरूको अस्तित्व सिध्याउन कांग्रेस र एमालेका नेताहरू सहमत भएका थिए । प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा बैठकमै उक्त ७ बुँदे सहमति प्रस्तुत गरेका थिए । ७ बुँदे सहमतिको अन्तर्य थ्रेसहोल्डको प्रतिशत बढाएर साना दलहरूको हैसियत अस्वीकार गर्नु नै हो । यद्यपि, प्रमुख विपक्षी नेकपा (माओवादी केन्द्र)सहित साना दलहरूले थ्रेसहोल्डको प्रतिशत बढाउने प्रस्तावप्रति असहमति जनाइरहेका छन् ।

कांग्रेस–एमाले नेतृत्वचाहिँ ७ बुँदे सहमतिबमोजिम साना दलहरूलाई पेलेरै बढ्न खोजिरहेका छन् । कतिसम्म भने, सत्तारूढ अरू साना दलहरूलाई समेत उचित भूमिका दिइएको छैन । महिनामा एक पटक बस्ने सत्तारूढ दलहरूको बैठकमा प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने ब्रिफिङलाई चित्त बुझाएर बस्नुपर्ने बाध्यतामा साना दलहरू छन् । तर, यसको असर स्वयं प्रधानमन्त्री ओली र कांग्रेस–एमाले नेताहरूले खेप्नुपरिरहेको छ । यदि सत्ता साझेदारहरूबीच आवश्यक छलफलमार्फत निर्णय लिइएको हुन्थ्यो भने अध्यादेशहरू अलपत्र पर्ने थिएन । तर, कांग्रेस र एमालेका सीमित नेताहरूको चाहनामा ल्याइएका अध्यादेशहरू अलपत्र परेका छन् । संसद् बैठक चलेको १ महिना बितिसक्दा पनि कुनै पनि अध्यादेश संसदीय प्रक्रियामा बढ्न सकेको छैन ।

सत्तारूढ जसपा नेपालको बिमतिकै कारण सरकारले अध्यादेशहरू अगाडि बढाउन सकेको छैन । जसपा नेपालले भने भूमि अध्यादेश फिर्ता लिनुपर्ने अडान लिएको छ । यदि जसपा नेपालले साथ नदिने हो भने राष्ट्रियसभाबाट अध्यादेशहरू पारित गराउन बहुमत पुग्दैन । अर्थात्, राजनीतिक स्थायित्व दिलाउन भनेर प्रमुख २ दल मिलेर बनेको सरकार पनि नैतिक रूपमा अप्ठ्यारोमा परेको छ किनकि अध्यादेश फिर्ता हुँदा त्यसको सन्देश सरकार बलियो छ भन्ने जानेवाला छैन । तर, संसद् छलेर अध्यादेशको बाटो हिँड्ने गल्ती सच्याउन सरकारले साना दलहरू फुटाउने अर्को गलत विकल्प अगाडि बढाउने तयारी गरेको देखिन्छ । यो अर्को गल्ती हुने छ किनकि विभाजन र षड्यन्त्रमार्फत प्राप्त हुने सफलताले बलियो शक्ति रहेको सन्देश जाँदैन बरू लोकतान्त्रिक अभ्यासलाई बद्नाम र कमजोर बनाउँछ ।

# सुशासन र उपभोक्ताको हित

*नेपाल सरकारले उपभोक्ताको हकहित, सुरक्षा तथा उनीहरूले सही समयमा उपयुक्त सामान उपभोग गर्न सकून् भन्ने उद्देश्यका साथ विभिन्न समयमा विविध ऐन, नियम तथा कानुन बनाएको छ । तर, सधैं प्रश्न उठ्छ- के उपयुक्त नियम, कानुनअनुसार सम्बन्धित निकायले बजार अनुगमन गरेर उपभोक्ताको हकहितका लागि सेवा गरेको छ त ?*

अग्रलेख



● खिमराज गिरी

*विगत लामो समयदेखि नेपालको हरेक क्षेत्रमा घुसखोरी, तस्करी तथा दलाली माफियातन्त्रले उपभोग्य सामानमा एकाधिकार जमाउँदै आएका र त्यसमा केन्द्रदेखि तल्लो निकायसम्म अनुगमन फितलो भएको भन्ने जनगुनासो व्यापक रूपमा सुन्न सकिन्छ...*

उपभोक्ता हित संरक्षण भनेको कुनै पनि वस्तु तथा सेवाको खरिद तथा उपभोग गर्ने व्यक्तिहरू अर्थात् उपभोक्ताहरूको अधिकार, सुरक्षाको ग्यारेन्टी तथा उपभोग्य वस्तुको गुणस्तरमा सुनिश्चितता र निष्पक्ष रूपमा कुनै पनि उत्पादित सामानहरूको मूल्य निर्धारण प्रक्रिया हो । यसको मुख्य उद्देश्य भनेको उपभोक्तालाई गलत सामग्री उपभोग गर्नबाट जोगाउने या सचेत गराउने हो । यसले उपभोक्तालाई गुणस्तरीय सामान प्रयोग गर्ने वातावरण पैदा गर्छ, जसले गर्दा उत्पादित सामान उपभोक्ताकहाँ पुग्दासमेत गुणस्तरमा कमी नआओस् र यसमा उत्पादक मात्रलाई सचेत गराइनु भन्दा पनि उपभोक्ता आफैं पनि सचेत हुनु जरुरी देखिन्छ ।

त्यस्तै, सुशासन भन्नाले शासन प्रणालीमा पारदर्शिता, जबाफदेहिता, विधिको शासन, समाजप्रतिको उत्तरदायित्वबोध, समावेशिताका साथै प्रभावकारी निर्णय प्रक्रियाहरू लागू गर्ने हो । यसरी सुशासन भन्नासाथ कोही पनि व्यक्ति या संस्थाले उत्पादन गरेको कुनै पनि सामग्रीमा गडबड आउँछ कि भनेर सरकारी या आधिकारिक निकायबाट कानुनी रूपबाट गरिने निगरानी नै सुशासन हो ।

खासगरी प्रत्येक व्यक्तिले नैतिकताको पालना गर्नै पर्छ किनभने हाम्रो समाज प्रायः नैतिकताको धरातलमा अडिएको छ र अडिनुपर्ने मान्यता पनि रहिआएको छ । तथापि, कुनै व्यक्ति या संस्थाले कुनै पनि सामानहरू उत्पादन गरेर ग्राहकलाई अनावश्यक लेबलिङ गर्ने, पुरानो सडेगलेको सामानभित्र प्याक गर्ने र बाहिर मिति सच्याउने जस्ता अनैतिक कार्यले कतिपय अवस्थामा उपभोक्ता ठगिएका हुन्छन् । हो, यसरी उपभोक्ता नठगिऊन् भन्नाका खातिर उत्पादक र उपभोक्ता दुवै पक्षलाई सम्बन्धित निकायले सजग गराउने र कानुनी दायरामा ल्याई सही कार्य गर्न लगाउने प्रक्रियालाई नै उपभोक्ता हित संरक्षण तथा सुशासन भनिन्छ ।

उपभोक्ता अधिकारको सैद्धान्तिक अवधारणा र विकासक्रममा वस्तु विनिमयको अन्त्यसँगै जब मुद्रा विनिमयको सुरुवात भयो, तब यसको सैद्धान्तिक अवधारणाको विकास भएको पाइन्छ । कुनै पनि वस्तु या सेवा खरिद गर्दा उपभोक्ता आफैं होसियार हुनुपर्छ, अन्यथा नोक्सानी हुन्छ भन्ने सिद्धान्तलाई आत्मसात् गरी यसको सुरुवात भएको थियो । यसमा बाहिरी आवरण मात्र राम्रो देखाउने, नमुनामा मात्र भर परेर विक्रेताले कुनै पनि उत्पादित सामान विक्री गर्ने, त्यस्तै भ्रामक विज्ञापनको प्रयोग गरी उपभोक्तालाई आकर्षण गर्ने मनोवृत्तिको विकास गर्नेजस्ता कार्यले उपभोक्ताको अधिकार हनन हुने हुनाले यसमा विक्रेता सजग हुनुपर्छ । त्यस्तै, उपभोक्ताले पनि सामान सस्तो तथा घरमा नै डेलिभरी सुविधा पाएँ भन्दैमा उक्त उपभोग्य सामानको उत्पादन मिति तथा गुणस्तरमा ख्यालै नगरी सामान उपभोग गर्नु हुँदैन । यसप्रति उपभोक्ता पनि आफैं सजग रहनुपर्ने मान्यता छ ।

यसरी उपभोक्ता अधिकारको विषयमा अन्तर्राष्ट्रिय विकासक्रमको अध्ययन गर्दा अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले १५ मार्च १९६२ मा सुरक्षा, सूचना, छनोट र सुनुवाइ विषयलाई अमेरिकी कांग्रेसमा बिल पेस गरेको दिनलाई सम्झना गर्दै हरेक वर्ष १५ मार्चलाई विश्वभर उपभोक्ता दिवसको रूपमा मनाउने गरिन्छ । उपभोक्ता अधिकारबारे राष्ट्रसंघीय मार्गदर्शनको रूपमा संयुक्त राष्ट्रसंघीय महासभाले सन् १९८५ मा पारित गरी जारी गरेको 'यूएन गाइडलाइन फर कन्ज्युमर प्रोटेक्सन' नामक मार्गदर्शनमा उल्लेखित कुराहरूले पनि उपभोक्ता हित संरक्षण तथा हक अधिकारलाई महत्त्व दिएको पुष्टि हुन्छ ।

यसैगरी, नेपालमा उपभोक्ता अधिकारको इतिहासको पाना पल्टाउँदा राजा जयस्थिति मल्ल र राजा राम शाहको पालामा माना, पाथी, ढक तथा तराजुको प्रयोग गरी उपभोग्य वस्तु उपभोक्तालाई दिइने चलन भएकाले पनि नियमबद्ध रूपमा अगाडि बढेको पाइन्छ । पृथ्वीनारायण शाहको '१२ हजारको स्थिति बाँधेर जाऊँला' भन्ने भनाइबाट पनि यसतर्फ ध्यानाकर्षण भएको पाइन्छ ।




वि. सं. १९१० को मुलुकी ऐनमा पनि इलम, इलाज, महल र खोटा चलनको व्यवस्था गरिएको थियो । मुलुकी ऐन, २०२० मा पनि कागजाँचको महल, जमानी, ठगी तथा खोटा चलन जस्ता प्रचलनले तत्कालीन समयमा पनि उपभोक्ता हित संरक्षणमा पहल कदम चालिएको पाइन्छ । नेपालको संविधान, २०७२ को धारा ४४ मा पनि उपभोक्ताको हकअन्तर्गतको उपधारा १ मा 'प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ' भनिएको छ ।

त्यस्तै, उपधारा २ मा 'गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने छ' भनी उल्लेख गरिनुले पनि उपभोक्ताको हकहित तथा सुशासन सम्बन्धमा नेपालको संविधानमा नै उल्लेख गरेर जनताको गुणस्तरयुक्त उपभोग्य सामान उपभोग गर्न पाउने अधिकारको सुनिश्चित गरेको पाइन्छ ।

नेपालमा उपभोक्ता संरक्षण ऐन, २०७५ मा उपभोक्ताको अधिकारबारे उल्लेख गरिएको छ, जसअन्तर्गत सहज पहुँच, सामानको छनोट, सुसूचित हुने अधिकार, वस्तु या सेवाको प्रयोगबाट सुरक्षित हुन पाउने, अनुचित क्रियाकलापविरुद्ध सुनुवाइ हुनुपर्ने, हानि तथा नोक्सानीविरुद्ध क्षतिपूर्ति पाउनुपर्ने साथै उपभोक्ता शिक्षा लागू गर्नुपर्नेजस्ता उपभोक्ताको हकहितका कुराहरूबारे उल्लेख गरिएको छ ।

नेपालमा कानुनी रूपमा व्यवस्था गरिएअनुरूप खाद्य ऐन, २०२३, नापतौल ऐन, २०२५, कालोबजारी तथा अपराध तथा सजाय ऐन, २०३२, औषधि ऐन, २०३५, नेपाल गुणस्तर ( प्रमाण चिह्न) ऐन, २०३७ तथा उपभोक्ता संरक्षण ऐन, २०७५ जारी गरिएको छ, जसअनुसार समयसमयमा बजार अनुगमन गर्ने गरिन्छ । उपभोक्ता संरक्षण ऐन, २०७५ संघीय संसद्ले बनाएको हो र यसमा अदालत, उत्पादन, उपभोक्ता, उपभोक्ता संस्था, केन्द्रीय बजार अनुगमन समिति आदिबारे जानकारी गराइएको छ । त्यस्तै, गुणस्तरहीन वस्तु भनेको के हो ? बजारमा निरीक्षण कसरी कसले गर्ने ? परिषद्, प्रयोगशाला, सम्बन्धित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको अधिकारबारे उल्लेख गर्नुका साथै लेबल तथा वस्तु, विक्रेता, सेवा आदिबारे उल्लेख गरिएको छ । त्यसैगरी परिच्छेद २ मा उपभोक्ताको संरक्षणसम्बन्धी व्यवस्थामा उपभोक्ताको अधिकार, वस्तु या सेवाको नियमन, वस्तु या सेवाको गुणस्तर, लेबल लगाउनुपर्ने कुराहरू तथा धारा ७ मा उत्पादक, धारा ८ पैठारीकर्ता, ९ मा ढुवानीकर्ता, १० र ११ मा क्रमशः संचयकर्ता र विक्रेताको दायित्वबारे उल्लेख गरिएको छ । त्यस्तै, धारा १४ मा बजारको तह निर्धारण गरिएको छ । वस्तु फिर्ता पनि गर्न सकिने कुरा उक्त ऐनमा उल्लेख गरिएको छ । पसलमा मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने कुराहरू छन् । उपभोक्ता संरक्षण परिषद्को गठन र तिनका काम, कर्तव्य र अधिकार पनि उल्लेख गरिएको छ । उक्त ऐनमा केन्द्रीय, प्रदेश, तथा स्थानीय अनुगमन र तिनका काम, कर्तव्य र अधिकारबारे उल्लेख गरिएको छ ।

यसरी नेपाल सरकारले उपभोक्ताको हकहित, सुरक्षा तथा उनीहरूले सही समयमा उपयुक्त सामान उपभोग गर्न सकून् भन्ने उद्देश्यका साथ विभिन्न समयमा विविध ऐन, नियम तथा कानुन बनाएको छ । तर, सधैं प्रश्न उठ्छ के उपयुक्त नियम, कानुनअनुसार सम्बन्धित निकायले बजार अनुगमन गरेर उपभोक्ताको हकहितका लागि सेवा गरेको छ त ? पक्कै पनि यसबारेमा आज सम्बन्धित निकायले छानबिन के–कति र कसरी गरेको छ भनेर पारदर्शी रूपमा देखाउनु जरुरी छ । सँगै, अर्कातिर विगत लामो समयदेखि नेपालको हरेक क्षेत्रमा घुसखोरी, तस्करी तथा दलाली माफियातन्त्रले उपभोग्य सामानमा एकाधिकार जमाउँदै आएका र त्यसमा केन्द्रदेखि तल्लो निकायसम्म अनुगमन फितलो भएको भन्ने जनगुनासो व्यापक रूपमा सुन्न सकिन्छ ।

आज स्थानीय निकायका केही जनप्रतिनिधिले ठूला नेताको आड भरोसामा खोला, नदी किनाराका गिट्टी, रोडा तथा बालुवा ओसारपसार गरी आम्दानीको स्रोत बनाई मनग्य आम्दानी गरिरहेको अवस्था छ र मूल धारको मिडियाको ध्यान केन्द्रमा बढी हुने भएकाले स्थानीय पत्रकारहरूको अनुगमन तथा निगरानी पर्याप्त मात्रामा हुन नसकेको जनगुनासो छ । आज तस्करी स्थल नदी किनारा मात्र होइन, खाद्यान्न, तरकारी, बिउ–बीजन, किराना सामान, कपडा पसललगायत हरेक व्यापारिक क्षेत्रमा खरिद मूल्य र विक्री मूल्यको अन्तर व्यापक रूपमा रहेकाले निश्चय नै सरकारले यसको निगरानी गर्ने पहल गरे तापनि अनुगमन निकायलाई नै गुमराहमा पारेर बिचौलियाहरूले धमिलो पानीमा माछा मार्ने प्रवृत्तिको अन्त्य नभएसम्म उपभोक्ता हकहित संरक्षण र सुशासनको नारा केवल नारामासीमित हुने देखिन्छ । तसर्थ, यसतर्फ सुधार ल्याउनका लागि केन्द्रदेखि स्थानीय तहसम्मको अनुगमन टोली केवल अनुगमनको रूपमा मात्र नभई इमिडियट एक्सनका रूपमा देखापर्नुपर्छ ।

अन्यथा, सूचना दिएर म र हामी आज तपाईंको खाद्यान्न पसलमा अनुगमन गर्न आउँदै छौं है भनेर जानकारी दिएर जाने प्रथाको अन्त्य गर्नुपर्छ चाहे त्यो केन्द्र, प्रदेश या स्थानीय निकाय किन नहोऊन् । अर्कातर्फ, स्थानीय रूपमा यसको न्यूनीकरणको अर्को उपाय भनेको अहिले हरेक स्थानीय निकायमा टोल सुधार समिति पनि गठन गरिएको छ र नभएका स्थानहरूमा गठन गर्नु पनि पर्छ । उक्त टोल सुधार समितिबाट समाजसेवीहरूको एक कमिटी बनाई स्थानीय रूपमा अनुगमनको जिम्मा उनीहरूलाई दिने र स्थानीय निकायसँग समन्वय गर्न लगाउनाले पनि अनियमित व्यापारलाई न्यूनीकरण गर्न सकिन्छ ।

अन्यथा, डिजिटाइज्ड प्रणालीमा अझै विकास नभएको नेपाल जस्तो अविकसित देशमा एक मात्र भरपर्दो उपाय भनेको जसरी सामुदायिक वनको जिम्मा स्थानीय उपभोक्ता समितिलाई दिइएको छ । त्यसरी नै क्रस रूपमा स्थानीय केही समाजसेवीलाई बजार अनुगमन कमिटीको रूपमा विकास गर्न सकिन्छ । तब मात्र प्रभावकारी कार्यान्वयन हुन सक्ने देखिन्छ ।

## इतिहासमा आज

२ मार्च १९५२ मा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले अमोनियम सल्फेट उत्पादनका लागि सिन्द्री कारखानाको औपचारिक उद्घाटन गरेका थिए ।



२ मार्च १९५६ मा मोरक्कोले फ्रान्सबाट स्वतन्त्रता प्राप्त गरेको थियो ।



२ मार्च १९८३ मा कम्प्याक्ट डिस्क (सीडी) उत्तरी अमेरिका र युरोपमा सुरु भयो, जसले संगीत र भिडियो उद्योगमा क्रान्ति ल्यायो ।




२ मार्च १९९५ मा खोज इन्जिन याहूको सुरुवात भएको थियो, जसले इन्टरनेट प्रयोगकर्तालाई धेरै सहजता प्रदान गरेको थियो ।




# राजनीतिमा वैकल्पिक शक्ति

विचार



● रूपा अर्याल

*नेपालको राजनीतिक परिदृश्यमा वैकल्पिक शक्तिहरुको उदयले आशा र चुनौती दुवै बोकेको छ । यी शक्तिहरुले पुराना दलहरुको विकल्प मात्र नभई राजनीतिक संस्कृतिमा नयाँ आयाम थप्न सक्छन् । तर, सफलताको रहस्य जनताको चाहनाअनुरुप इमान्दार, पारदर्शी र दिगो राजनीतिक अभ्यासमा निर्भर रहने छ...*

नेपालको राजनीतिक परिदृश्य लामो समयदेखि परम्परागत दलहरूको बर्चस्वमा चल्दै आएको छ । नेपाली कांग्रेस, नेकपा एमाले र अन्य ठूला दलहरूले दशकौंसम्म सत्ता संचालन गर्दै आएका छन् । यद्यपि, राजनीतिक अस्थिरता, भ्रष्टाचार र जनताको आशा पूरा गर्न नसक्ने प्रवृत्तिका कारण पुराना दलप्रति जनगुनासो निरन्तर बढ्दै गइरहेको छ ।

यस परिप्रेक्ष्यमा, वैकल्पिक शक्तिहरूको अवधारणा नेपाली राजनीतिमा क्रमशः महत्त्वपूर्ण विषय बन्दै गएको छ ।

वैकल्पिक शक्ति भन्नाले परम्परागत राजनीतिक दलहरूको वैकल्पिक रूपमा उदाएका नयाँ शक्ति, विचारधारा वा समूहलाई जनाउँछ । यी शक्तिहरू राजनीतिक परिवर्तनका लागि नयाँ एजेन्डा, नीति र राजनीतिक संस्कृतिका पक्षधर हुन्छन् । नेपालमा वैकल्पिक शक्तिको आवश्यकता व्यापक रूपमा २०६२/०६३ सालको जनआन्दोलनपछि बढी महसुस गरिएको हो ।

लोकतान्त्रिक प्रणाली पुनर्स्थापना भए पनि राजनीतिक दलहरूले जनताको आकांक्षा पूरा गर्न नसकेको स्थिति देखिन्छ । पुराना दलहरूमा शक्ति केन्द्रित, परिवारवाद र भ्रष्टाचार मौलाउँदा जनतामा निराशा छाएको छ ।

नेपालमा वैकल्पिक शक्तिको चर्चा मुख्यतः २०७० सालको संविधानसभाको निर्वाचनपछि गहिरो रूपमा उठेको हो । यो अवधिमा 'नयाँ शक्ति नेपाल'लगायतका केही दलहरू उदाए । त्यस्तै, पछिल्लो समय 'राष्ट्रिय स्वतन्त्र पार्टी' (रास्वपा)ले वैकल्पिक शक्तिका रूपमा व्यापक समर्थन पाएको छ । यी शक्तिहरूले पुराना दलहरूको आलोचना गर्दै नयाँ राजनीतिक संस्कृतिको प्रतिबद्धता व्यक्त गरेका छन् । भ्रष्टाचारमुक्त शासन, पारदर्शिता, युवा नेतृत्वको प्रवर्द्धन र जनमुखी नीति तर्जुमा वैकल्पिक शक्तिका प्रमुख एजेन्डा बनेका छन् ।

वैकल्पिक शक्तिको उदयलाई सामाजिक संजाल र संचार माध्यमले थप बल पुऱ्याएका छन् । विशेषगरी, युवा पुस्ताको व्यापक सहभागिता र राजनीतिक सचेतनाले यसलाई अघि बढाएको छ । सामाजिक संजालमा भएका बहस र अभियानहरूले परम्परागत राजनीतिक दलहरूप्रति असन्तुष्टि पोख्ने माध्यम सिर्जना गरेको छ । तर, वैकल्पिक शक्तिहरूको स्थायित्व र दीर्घकालीन प्रभावकारिता भने समयको परीक्षामा छ ।

वैकल्पिक शक्तिहरूले जनअपेक्षाअनुसार काम गर्न नसकेमा तिनीहरू पनि पुराना दलहरूको नियतिमा पर्न सक्ने खतरा छ । राजनीति केवल नारामा सीमित नभई व्यावहारिक कार्यान्वयनमा आधारित हुनुपर्छ । नवीन सोच, नीति र नेतृत्व प्रस्तुत गर्न नसक्ने वैकल्पिक शक्ति स्वयं एक दिन परम्परागत शक्तिमा रूपान्तरण हुन सक्छ । त्यसैले, वैकल्पिक शक्तिले जनताको आशा र विश्वासलाई केन्द्रमा राखेर सशक्त, पारदर्शी र जनउत्तरदायी राजनीति गर्न आवश्यक छ । नेपालको राजनीतिक संक्रमणकालीन अवस्थामा वैकल्पिक शक्तिहरूको भूमिका निर्णायक हुन सक्छ । यी शक्तिहरूले जनताको आवाजलाई प्रभावकारी ढंगले प्रतिनिधित्व गर्न सके भने राजनीतिक संस्कृतिमा गुणात्मक परिवर्तन ल्याउन सकिन्छ । तर, जनताको विश्वास जित्ने मात्र होइन, त्यो विश्वास कायम राख्न सक्ने कार्यशैली र इमान्दारी देखाउन सक्नु नै वैकल्पिक शक्तिको दीर्घकालीन सफलताको कसी हुने छ ।

वैकल्पिक शक्तिहरूको स्थायित्वका लागि संस्थागत संरचना, नीति निर्माणमा निरन्तरता र विचारधारात्मक स्पष्टता आवश्यक हुन्छ । केवल असन्तुष्टि र नाराको राजनीतिमा सीमित हुने हो भने वैकल्पिक शक्ति पनि क्षणिक लहरमा सीमित हुन सक्छ । त्यसैले, वैकल्पिक शक्तिले समावेशी र जनमुखी विकास मोडेल, आर्थिक समृद्धि तथा सामाजिक न्यायलाई आफ्नो राजनीतिक मार्गचित्रको केन्द्रमा राख्नुपर्छ ।

नेपालको राजनीतिक परिदृश्यमा वैकल्पिक शक्तिहरूको उदयले आशा र चुनौती दुवै बोकेको छ । यी शक्तिहरूले पुराना दलहरूको विकल्प मात्र नभई राजनीतिक संस्कृतिमा नयाँ आयाम थप्न सक्छन् । तर, सफलताको रहस्य जनताको चाहनाअनुरूप इमान्दार, पारदर्शी र दिगो राजनीतिक अभ्यासमा निर्भर रहने छ । आगामी दिनमा वैकल्पिक शक्तिले कसरी आफूलाई संस्थागत गर्दै जनअपेक्षा पूरा गर्छ भन्ने विषय नेपाली राजनीतिको भविष्यमा महत्त्वपूर्ण भूमिका खेल्ने छ ।


## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

सरकार, अख्तियार, देशलाई 'ग्रे लिस्ट'मा पर्ने सम्पत्ति शुद्धीकरण र संसदीय छानबिनको हविगत देखिएकै हो । न्यायालयमा हुने दलीय भागबन्डा भन्नै परेन । नागरिक विश्वास अब राज्यसँग हैन, नागरिकसँग मात्रै बाँकी छ । सबै भ्रष्टाचार काण्ड, ठगी र अवैध धनार्जन छानबिन गर्न 'नागरिक आयोग' अपरिहार्य भइसक्यो ।

प्रम ओली भन्छन्- ५२ प्रतिशत विद्यार्थी फेल बनाउने शिक्षकको तलब बढाउनुपर्ने, सेवा सुविधा बढाउनुपर्ने रे ! यो भनाइ केही हदसम्म ठीकै होला तर, ओलीले सरकार चलाएको सात महिनाको मूल्यांकनमा कति प्रतिशत ल्याए ? देशलाई पास गराएका छन् ? अनि, ५२ प्रतिशत फेल गराउने शिक्षक एमालेको सदस्य बन्न पाइँदैन भन्नुपर्दैन ?



**राधाकृष्ण कुटवाल**



**गोकुल बाँस्कोटा**


कसले स्वदेश, विदेशमा कुन विशिष्ट योगदान नेपाल वा विश्व मानव जातिलाई पुऱ्यायो थाहा छैन । तर, कक्षा कोठामा राष्ट्रिय विभूति सरहको स्थान दिएर पठनपाठनको वाहियात प्रबन्ध मिलाउनेहरू उपर मौन बस्न हुँदैन । सामाजिक शिक्षा पाठ्यक्रमबाट हटाउने र केही तातो न छारोका मान्छेको जीवनी राख्ने काम ठगी हो ।

अब आउने बजेटमार्फत सरकारले विभिन्न विकासका पूर्वाधार निर्माणका काममा लगानी गर्नुपर्छ, जसले गर्दा जनताको हातमा मुद्रा पुग्छ, यसले उपभोग प्रवृत्ति बढ्छ । यसरी उपभोग प्रवृत्ति बढ्नाले कुल राष्ट्रिय माग बढ्छ । संकटग्रस्त अर्थ व्यवस्थालाई अघि बढाउन सरकारले मध्यस्थ जस्तो काम गर्नुपर्छ ।



**कृष्ण अर्याल**

# शेखर कोइरालाले भेटे प्रकृतिको परिवारलाई



**काठमाडौं/मस**–नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले भारतको उडिसाको केआईआईटी कलेजमा भएको दुःखद् घटनामा परी निधन भएकी प्रकृति लम्सालको परिवारलाई भेटेका छन् ।

नेता डा.कोइरालाले प्रकृतिको परिवारसँग भेटेर घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई हदैसम्मको कारबाहीका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराइसकिएको बताएका छन् ।

रुपन्देहीको भैरहवामा रहेको उनको निवासमा पुगेर कोइरालाले प्रकृतिको बुवा, आमा, हजुरबुबा र भाइलाई भेटेर नेपाल सरकार र कांग्रेसले यस घटनालाई अत्यन्तै गम्भीर रुपमा लिएको बताए ।

कोइरालाले उक्त कलेजमा अध्ययनरत सम्पूर्ण नेपाली विधार्थीहरुलाई सहजतापूर्वक होस्टेलमा फर्कने, बस्ने वातावरण र अध्ययनका लागि आवश्यक पहल भइरहेको पनि बताए । लम्सालको परिवारलाई भेट्न कोइराला सहमहामन्त्री जीवन परियार, संघीय सांसद सुरेन्द्र आचार्य, लुम्बिनी प्रदेशका पर्यटन मन्त्री प्रचण्डबिक्रम न्यौपाने, कांग्रेस लुम्बिनी प्रदेश महामन्त्री बिक्रम खनाललाई साथमा लिएर पुगेका थिए ।

# मयुर नाचसहित कर्णाली प्रदेश समन्वय परिषद् कतारको अधिवेशन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १७ फागुन

कर्णाली प्रदेश समन्वय परिषद् कतारको छैटौं वार्षिकोत्सव तथा तेस्रो अधिवेशन शुक्रबार दुई चरणमा सम्पन्न भएको छ । उद्घाटन र बन्द सत्र गरी ग्राण्ड मलमा रहेको वेलफेयर रेस्टुरेन्टको सभा हलमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट मोतीलाल बुढा मगरको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मतरूपमा चयन भएको छ ।

कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा पूर्णबहादुर राना, उपाध्यक्षहरू क्रमशः टंक विश्वकर्मा, तिलक सिंह ठकुरी, शेरबहादुर रोकाय, पवि कुमारी थापा, महासचिव सुरेश केसी, सचिवद्वय हरिस रावल, प्रकाश हमाल, कोषाध्यक्ष यज्ञबहादुर रावत र सहकोषाध्यक्ष रुपसिंह सिञ्जाली रहेका छन् । त्यस्तै सदस्यहरूमा तुलबहादुर बिक, निमा रोकाय, खुम बहादुर पुन, देउवीर पुन मगर, पूर्णबहादुर रोकाय, लोकेन्द्र खत्री, मिना डाँगी, परेक सुनार, ओम प्रकाश बाह्रघरी र दिनेश तिरुवा रहेका छन् । नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक छविलाल बुढाथोकीले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । अधिवेशनको उद्घाटन सत्र परिषद्का का.वा. अध्यक्ष मोतीलाल बुढा मगरको सभाध्यक्षता तथा गैरआवासीय नेपाली संघ (एनआरएनए एनसीसी) कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि भट्टले कर्णालीमा विगतमा देखिएको फुट र अहिले देखिएको एकताले



समाजमा सकारात्मक सन्देश दिएको बताए । उनले कतारमा स्वागत मन्तव्य राखेपछि आउने अतिथिहरूलाई आसन ग्रहण नगराइ सचिवालयको माइन्युटमा नाम लेखेर सचिवालयमै अतिथिको ब्याच उपलब्ध गराइ समयको बचत गर्ने परम्पराको विकास गर्न अपरिहार्य रहेको बताए ।

उनले कार्यक्रममा ढिला आउने, सेड्युल तलमाथि पारेर आफ्नो मन्तव्य राखेर हिँडिहाल्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने आवश्यकता औंल्याए । उनले नेपाली दूतावासलाई लक्षित गर्दै एनसीसी र कतारमा स्थापित संस्थाहरूलाई आवश्यकता पर्दा प्रयोग गरे पनि उनीहरूलाई आवश्यक पर्दा दूतावासले सहयोग नगरेको दाबी गरे । भट्टले एनसीसीले श्रमिकहरूको हितका लागि काम गरिरहेको भए पनि दूतावासले पीडित श्रमिकहरूका लागि सेल्टरको आवश्यकता नभएको जस्ता अभिव्यक्ति दिएकोमा दुःख व्यक्त गरे । कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो । अधिवेशनमा कतारमा रहेका करिब १ दर्जन कलाकारले सांगीतिक प्रस्तुति दिएका थिए । पूर्णबहादुर रानाले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव सुरेश केसी र रानाले मिलेर सहजीकरण गरेका थिए । कार्यक्रममा बोल्दै कर्णालीका अभिभावक शनि कुमार ओलीले कार्यक्रममा सरिक हुने विशेष गरी वैचारिक संस्थाका संस्था प्रमुख तथा प्रतिनिधिहरूले सामाजिक संस्थामा मन्तव्यमार्फत राजनीतिक बहस गर्ने थलो बनाउन नहुने बताए । राजनीतिक बहस गर्ने वैचारिक संस्थाकै कार्यक्रम स्थल हुने या नयाँ बहस गर्ने स्थानको विकास गर्नुपर्ने बताए । उनले कर्णाली प्रदेश भाषा, संस्कार, संस्कृति, पर्यटनमा धेरै अघि रहेपनि राज्यको विभेदका कारण पछाडि परेको बताए ।

अधिवेशनमा सांगीतिक प्रस्तुति दिने कलाकार, केही पत्रकारसहित प्रमुख अतिथिलाई सम्मान गरिएको थियो । महासचिव सुरेश केसीले सहजीकरण गरेको उद्घाटन सत्रको समापन गर्दै सभाध्यक्ष बुढा मगरले विगतमा २ चिरामा रहेको प्रदेशलाई एक बनाउन पहल गर्ने सबै सामाजिक व्यक्तित्व तथा अधिवेशनलाई सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

**कतारमा आइपुग्यो मयुर नाच**

कतारमा पहिलो पटक मयुर नाच आइपुगेको छ । परिषद् कतारले आफ्नो छैटौं वार्षिकोत्सव तथा तेस्रो अधिवेशनमा मयुर नाच भित्र्याएको हो । नेपालबाट मयुरको प्वाँख ल्याउन केही कानुनी प्रक्रिया पूरा गर्न समय लागेको आयोजकले बताएको छ । कार्यक्रममा कलाकारहरूले आकर्षक मयुर नाच पेस गरेका थिए ।

जब मादल बजाइन्छ तब डुंग्रीले साथ दिन्छ । त्यसमा हार्मोनियमले मिठास भरिदिन्छ । बाँसुरीको धुन मिसाइन्छ । मादलले लय समात्छ अगुवाले सिटी फुक्छ, अनि कलाकारहरू नाच्न थाल्छन् मयुर नाच । मयुरको प्वाँखबाट गरुवा बनाइन्छ । जुन कलाकारले कम्मरमा भिरेका हुन्छन् । उनीहरू परम्परागत पोसाकमा सजिएका हुन्छन् । बाजागाजा, पहिरन र मयुर नाच रुकुम पश्चिमको लोक संस्कार र संस्कृतिको नाच हो । १२ देखि ३२ जनासम्म गोलो घेरा हालेर मयुर नाच एकै पटक नाचिन्छ । मयुर नाचका फरक-फरक प्रकार छन् । लट्ठी हान्ने, संगीतमा नाच्ने, वनगारी नाच, पैसेरी नाच र सिँगारु नाच हुन्छन् । यी नाचहरू भिन्न ताल र सुरमा नाचिन्छ । पैसेरी नाच मौलिक संस्कृतिभित्रको नाच हो ।

# सामूहिक खेतीबाट मनग्य आम्दानी गर्दै भूमिकास्थान नगरपालिका

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १७ फागुन

भूमिकास्थान नगरपालिकाले बाँझो जग्गालाई सदुपयोग गर्दै खेती गर्न थालेपछि यहाँका स्थानीयलाई गाउँमै रोजगारी सिर्जना भएको छ ।

अर्घाखाँचीका अधिकांश ठाउँहरुबाट बसाईंसराइको दर उल्लेख्य वृद्धि भएपछि अहिले गाउँघरमा रहेका मानिस बस्ने प्रायःघरहरु खाली छन्, मानिस बस्दैनन् । जेनतेन बुढाबुढीहरु गाउँमा बसे पनि यहाँका जग्गाजमिन बाँझै छन् । खेतीयोग्य जमिनहरुमा अहिले बनमाराको झाडि र काँडाका झाडिहरुले भरिएपछि त्यहाँ छिर्न सक्ने अवस्था समेत छैन । गाउँमा बस्ने कृषकहरु अहिले बजारको किनेर खान्छन् । खेतीबाली लगाउन छाडिसकेका छन् भने खेतीपाती गर्ने जनशक्तिको गाउँमा निकै ठूलो अभाव छ ।

खेतीयोग्य जमिन बर्सेनी बाँझै रहन सुरु गरेपछि भूमिकास्थान नगरपालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यसहित पालिकाका जनप्रतिनिधि र कर्मचारीहरु विगत तीन वर्षदेखि आफैं खेतीपाती गर्न व्यस्त छन । धेरै मानिस पहाडी जिल्लाबाट कामको खोजीमा सहर केन्द्रित हुन थालेपछि धेरै बाँझिएको जग्गामा नगरपालिका आफैं खेतीपातीमा लागेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले बताए । विगत तीन वर्षदेखि नगरपालिकाले स्थानीय कानुन बनाएरै नगरपालिकाको आम्दानीको श्रोत बढाउने उद्देश्यसहित खेतीपाती बीउ उत्पादनमा लागेको



हो । नगरपालिकाको 'कर्मशील जनशक्ति रोजगार कार्यक्रम' मार्फत नगरभित्रका बाँझो जमिन विगत तीन वर्षदेखि उपयोग गरेर सुरु गरिएको बीउ उत्पादन कृषि खेती प्रभावकारी भएको नगर प्रमुख झविलाल थापाले जानकारी दिए ।

'हामीले भूमिकास्थानलाई आत्मनिर्भर बनाउने बाटोमा लैजाँदै छौं । कार्यविधि बनाएर प्रक्रिया अघि बढाएका थियौं । अहिले निकै प्रभावकारी भएको छ ।'

पहिलो वर्ष ७२ किलो प्याजको ब्याड राखेर सुरु गरेको अभियान अहिले २ सय किलो प्याजका बिरुवा लगाइएको छ भने धानको बीउ मकैको बीउ सिजन अनुसारको तरकारीको बीउ नगरपालिकाले बाहिर बिक्री वितरण सुरु गरेको छ । भूमिकास्थान नगरपालिका वडा नम्बर २, ५, ७ र ९ का विभिन्न ठाउँमा अहिले खेती छ । गत वर्ष सोचे अनुसार उत्पादन नभएको भएपनि यस वर्ष नगरपालिकाले लगाएको खेती लोभलाग्दो छ । नगरभित्रका खेतीयोग्य बाँझो जमिन आफैंले उपयोग गर्ने गरी कार्यविधि बनाएरै नगरले ३ वर्षदेखि लिजमा लिएको छ । भूमिकास्थानले भने आफैं कृषि खेती गर्न सुरु गरेपछि यहाँका स्थानीय खुसी छन् । पछिल्लो समय देशको अर्थतन्त्र खस्किरहँदा नगरले कृषि व्यवसायमा आकर्षण बढाउन र गाउँघरमै रोजगारको अवसर सिर्जना गर्न 'कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यक्रम'मार्फत बाँझो जमिन सदुपयोग गर्ने नीतिलाई निरन्तरता दिएको प्रमुख प्रशासकीय अधिकृत नेपालीले बताए ।

नगरपालिकाको कुल क्षेत्रफल १५९.१३ वर्ग किलोमिटर रहेको छ । जसमध्ये चार हजार पाँचसय ६४ हेक्टर जमिन खेतीयोग्य छ ।

अहिले प्याजका अलावा भूमिकास्थानका केही ठाउँमा रैथाने बाली गहत, कोदो, मकै पनि लगाइएको थियो । अहिले काउली बन्दा वा काँक्रो, घिरौंला, लौका लगाउने योजना रहेको जनप्रतिनिधि बताउँछन् ।

नगरले प्रतिरोपनी वार्षिक एक हजार रूपैयाँ वा निःशुल्क जग्गा उपलब्ध गराउन सूचना आह्वान गर्ने गर्छ ।

## काठ दाउरा बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना

**प्रथम पटक प्रकाशित २०८१/११/१८ गते**

जिल्ला सुर्खेत जिल्ला चौकुने गाउँपालिका वडा ६ मा रहेको यस सामुदायिक बन उपभोक्ता समुहको बन क्षेत्रबाट आ.ब. २०८१/२०८२ मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको सालको गोलिया २१० थान १७६७.१९ क्यु.फिट, सल्लोको गोलिया ५५ थान ७६९.२५ जम्मा गोलिया २६५ थानको २५३६.३४ क्यु.फिट काठ सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, सघं र सस्थां, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकासन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स.को कार्यलयमा सूचना टाँस गरिएको ब्यहोरा समेत सुचित गरिन्छ ।

**श्री निमाडे सामुदायिक बन उपभोक्ता समूह**
**चौकुने गाउँपालिका वडा ६ सुर्खेत**

## यूएईमा रोजगार

कम्पनी : **UNITED HOME GENERAL CONTRACTING L.L.C.** शहर :UAE
पूर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३७६० LT. No.: 319490

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House-builder | 7 | 0 | स. काममा दक्ष | 900 | ३४,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **FLASH FAST FOR SOLAR ENERGY SYSTEMS RENTAL** शहर :UAE
पूर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३७५९ LT. No.: 319489

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Helper | 20 | 0 | स. काममा दक्ष | 900 | ३४,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २५ गते (9 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Glocal Workforce Nepal Pvt.Ltd.
GLOCAL WORKFORCE NEPAL PVT. LTD.
Contace: 5925410, 5925411, Kathmandu, Nepal. Lic No.: 1722/081/082

# Invitation for Bids
## Guthichaur Rural Municipality
**Dhalmudi, Jumla**

## Invitation for Bids No: SQ/081-082/GRM2

**Date of First publication: 02-03-2025**

1. The Guthichaur Rural Municipality invites sealed quotations from registered Suppliers for the Medicine Procurement work.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Jumla, 9843951496, ito.guthichaurmun@gmail.com. OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Guthichaur Rural Municipality Jumla and the office Guthichaur Rural Municipality Jumla by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a nonrefundable fee of NRs.1000.0 till 18-03-2025 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account Name of the Bank: Laxmi Sunrise Bank Ltd
   Name of Office: Guthichaur Rural Municipality, Jumla
   Office Code no. 801066203
   Rajaswa (revenue) Account no. : 0780489611701001
5. Sealed bids must be submitted to the office Guthichaur Rural Municipality Jumla by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 18-03-2025 12:00. Bids received after this deadline will be rejected.
6. Pre-bid meeting shall be held at Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla at 11-03-2025, 2:00 pm
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 18-03-2025 13:00 at the office of Guthichaur Rural Municipality Jumla Karnali Province Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 45000 (Forty Five Thousands), which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [0780489611701002] at [Laxmi Sunrise Bank Ltd., Jumla] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Only suppliers can apply for this bid & suppliers having medicine distributers' license.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N | Contract identification | Name of Project | Estimated Amount (Excluding VAT ) Nrs. | Bid Security amount Nrs. | Bid document Fee (Non Refundable ) Nrs |
|---|---|---|---|---|---|
| 1 | SQ/081-082/GRM2 | Medicine Procurement work | 18,70,569.00 | 45,000.00 | 1000.00 |

# 'आउट ल' ट्रेलरमा सुशीलको एक्सन



**काठमाडौं/मस–** फिल्म 'आउट ल : दफा २१९'को ट्रेलर सार्वजनिक गरिएको छ। ३ मिनेट लामो ट्रेलर प्रहरीले 'मोस्ट वान्टेड क्रिमिनल' घोषणा गरेको पृथ्वीजंग थापा नामक पात्रको वरिपरि घुमेको छ। उक्त पात्रको भूमिका अभिनेता सुशील श्रेष्ठले निर्वाह गरेका छन्।

ट्रेलरमा सुशीलको दमदार एक्सन देखाइएको छ। ब्याकग्राउन्ड म्युजिक सशक्त रहेको ट्रेलरमा मेकिङ पनि स्तरीय देखिन्छ। २९ फागुनदेखि रिलिजमा आउन लागेको यो फिल्मको ट्रेलरले दर्शकको उत्सुकता ह्वात्तै बढाउने देखिन्छ।

विक्की महर्जनको लेखन तथा निर्देशनमा तयार भएको यो फिल्ममा अमित अग्रहरि र निशा गुइडेको लगानी छ। फिल्ममा विक्की महर्जन र विनोद कठायतको पटकथा, नवीन गुरुङको डीओपी छ।

विकास चौधरी सहनिर्माता रहेको फिल्मका कार्यकारी निर्माता विनोद कठायत हुन्। साहिल खानको सम्पादन रहेको फिल्ममा चुल्ठे काजीको एक्सन निर्देशन छ।

यो फिल्ममा सुशील श्रेष्ठ, शिक्षा संग्रौला, नरेश पौडेल, सुमन भण्डारी, हेम महर्जन, सोनी लागुन, विशाल पहारी, महेश त्रिपाठी, मारिया कार्की र अयान परियारको अभिनय छ।

# 'लाज शरणम्'को 'च्यातिएको चोली'



**काठमाडौं/मस–** व्यापारिक रूपमा सफलताका साथ चलिरहेको चलचित्र 'लाज शरणम्'को मर्मस्पर्शी गीत 'च्यातिएको चोली' सार्वजनिक भएको छ। निर्माण टिमले रिलिजको तेस्रो दिनमा सार्वजनिक गरेको यो गीतमा सुरज पण्डितको स्वर छ। कुमार कट्टेलको निर्देशन रहेको चलचित्रको गीतमा वसन्त उदासको शब्द र संगीत समावेश गरिएको छ। गीतको भिडियोमा डोल्पाका मनोरम दृश्यहरू समेटिएको छ भने कर्णालीको विपन्न परिवारको कथा देखाइएको छ। भिडियोले एक दम्पतीको दुःखसुख र संघर्षलाई भावुक ढंगले प्रस्तुत गरेको छ।

गीतको भिडियो हेर्दा कर्णालीका सुन्दर दृश्यहरू मात्र होइन, त्यहाँका सरल र पवित्र मन भएका मानिसहरूको जीवनशैली पनि देख्न पाइन्छ। चलचित्रका मुख्य पात्र महेश त्रिपाठी र रेणु योगी फिचर्ड यस गीतले सिनेमाको मुख्य कथावस्तु झल्काएको छ।

'च्यातिएको चोली' गीतमार्फत दर्शकलाई कर्णालीसँग भावनात्मक रूपमा जोड्ने प्रयास गरिएको छ। यस गीतले २ मुख्य पात्रबीचको प्रेमकथा तथा उनीहरूको संघर्ष र अभावलाई उजागर गरेको छ।

चलचित्र हेर्ने दर्शकका लागि महेश त्रिपाठी र रेणु योगीको अभिनय विशेष आकर्षण बनेको छ। कर्णालीको प्राकृतिक सौन्दर्य तथा पात्रहरूको गहिरो अभिनयले दर्शकको मन जित्न सफल भएको देखिन्छ।

लोकप्रिय हास्य टेलिशृंखला 'सक्किगो नि'को टिमले निर्माण गरेको 'लाज शरणम्'मा महेश त्रिपाठी, सीताराम कट्टेल (धुर्मुस), विजय बराल, रेणु योगी, अर्जुन घिमिरे, सागर लम्साल, हरिश निरौलालगायतका कलाकारहरूको उत्कृष्ट अभिनय देख्न सकिन्छ। साथै, प्रियाना आचार्य, अर्पण थापा, विजय लामा, मुकुन्द श्रेष्ठ, माला लिम्बूलगायतका कलाकारहरूले पनि चलचित्रमा महत्त्वपूर्ण भूमिका निभाएका छन्।

जेपीटी क्रियसनको ब्यानरमा निर्माण गरिएको यो चलचित्रका निर्माता नवीन श्रेष्ठ हुन् भने रामनरेश शाह र सिर्जना खड्का सहनिर्माताका रूपमा रहेका छन्।

'लाज शरणम्'ले प्रदर्शनको पहिलो दिन नै प्रभावशाली व्यापार गरेको छ। वितरकका अनुसार पहिलो दिन मात्र चलचित्रले १ करोड १० लाख रुपैयाँको ग्रस कलेक्सन गर्न सफल भएको छ। चलचित्रप्रति दर्शकको सकारात्मक प्रतिक्रिया देखिएको छ र यसको व्यापार अझै बढ्ने अपेक्षा गरिएको छ।

# 'वसन्त'को 'बिनास्वादैको' सार्वजनिक




**काठमाडौं/मस–** गायक तथा अभिनेता प्रकाश सपुतको निर्देशनमा निर्माण भएको सिनेमा 'वसन्त'को गीत 'बिनास्वादैको' सार्वजनिक गरिएको छ। सार्वजनिक गीतको भिडियोमा सिनेमाका मुख्य कलाकारद्वय प्रभात पाल ठकुरी, श्री शिभान्सी, गायक देवेन्द्र बब्लु र मुख्य सहायक निर्देशक सुनिल विक तथा कलाकार विशाल पहारी प्रस्तुत छन्।

गायक देवेन्द्र बब्लु (दि फिरन्ते)को स्वर तथा परिकल्पना रहेको गीत र संगीत गायक तथा निर्देशक प्रकाश सपुत र देवेन्द्र बब्लु अनि संगीत संयोजन योगेश काजी शाहको छ। हरर रोमान्टिक थिममा तयार पारिएको गीतको भिडियोले दर्शकमाझ कौतूहल पैदा गर्ने देखिन्छ। एक जोडीको अन्तरजातीय प्रेमपश्चात् परिवारले उनीहरूको मोहनी फुकाउन गर्ने विभिन्न घटनालाई देखाइएको छ।

यो सिनेमा आगामी २२ चैते दसैंको अवसरमा नेपालभरका सिनेमा हलमा रिलिज हुँदै छ। सिनेमामा प्रकाश र स्वस्तिमासँगै प्रभात पाल ठकुरी, श्री शिभान्सी, उर्मिला लाम्गादे र खड्कबहादुर पुन (खबपु), अनुप बराल, कमलमणि नेपाल, प्रकाश घिमिरेलगायतका कलाकारको पनि अभिनय छ। गायक तथा निर्देशक सपुतको जन्मथलो बागलुङ, काठमाडौं र तराईका विभिन्न ठाउँमा सिनेमाको छायांकन गरिएको हो।

गलबन्दी प्रोडक्सनको प्रस्तुति रहने सोसल ड्रामा सिनेमामा कथा, पटकथा र संगीत पनि सपुतले नै तयार पारेका हुन्। विपन्न विश्वकर्मा समुदायको छोराको लेखक बन्ने सपना र लक्ष्य हासिल गर्न उसले गर्ने संघर्षको कथा सिनेमाले भन्ने छ। सिनेमाको निर्मातामा मोहन विश्वकर्मा र बिन्दु बोहोरा तथा कार्यकारी निर्मातामा अनुरोध भट्टराई, नाना थकाली र वीरेन्द्रनारायण श्रेष्ठ छन्। सिनेमालाई सुसन प्रजापतिले खिचेका हुन्। काठमाडौं उपत्यकामा डीसीएन र मोफसलमा एफडी कम्पनीले सिनेमालाई वितरण गर्ने छन्।


## UAE मा रोजगार

कम्पनी: SAFCO INTERNATIONAL GENERAL TRADING — शहर: Dubai
पूर्व स्वीकृत मितिः २०८१/०७/१३ — चलानी नं.: ६०२३३७५७ — LT. No.: 312466 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FILLING CLERK | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Messanger | 20 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |
| 3. | Sales Officer | 20 | 0 | | 1500 | ५७,०६० | | | | | | | |
| 4. | Sales Representative | 20 | 0 | | 1500 | ५७,०६० | | | | | | | |
| 5. | stevedores | 10 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |
| 6. | Stock Handlers | 5 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २५ गते (9 March 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ४१११११२६
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४

## साउदीमा रोजगार

कम्पनी : SASS DEVELOPMENT OPERATIONS & MAINTENANCE — शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/११/१५ — चलानी नं.: ६०२३३७५६ — LT. No.: 319501

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer & Unloading | 35 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 8 | 0 | | 1000 | ३७,१२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन २५ गते (9 March 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
Mobile: 9851008664, 9847275969, 9801232406, 9851032593, 9851190207, 9863775437, 9851071822.


## माई नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

**शितली ,इलाम**

### नदीजन्य पदार्थको विक्रीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/१८**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) र यस माई नगरपालिकाको अन्तरिक आय संकलन सम्बन्धि कार्यविधि २०८० तथा नगरकार्यपालिकाको मिति २०८१/११/१३ को निर्णय अनुसार यस नगरपालिकाको आइ.इ.इ प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामग्री उत्खन्न गरी माई नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्यअभिवृदि कर दर्ता प्रमाणप्रत्र, आ.व ०८०/८१ को करचुक्ता प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमको शर्तहरुका अधिनमा रहि बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ।

| सि नं. | सूचना.न/ बोलपत्र.न | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र VAT बाहेक) | जमानत/धरौटि रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | MM/ IR/01/081/82 | माई नगरपालिकाको माई (छिवा खोला दोभान माई ०१ र ०७ , चेपे खोला दोभान माई ०८) भित्र नदिजन्य सामग्री (पदार्थ) संकलन तथा बिक्री | १७,१६२.०० | ३१,०७,१६३.३३ | कबोल अंकको ५ (पाँच) प्रतिशत | ३००० ।- |
| २. | MM/ IR/02/081/82 | माई नगरपालिकाको लोदिया खोला (ढकाल घुम्ती माई-०३, नर्सिंङ झोडा माई-१०भित्र नदिजन्य सामग्री (पदार्थ) संकलन तथा बिक्री | १८,०००.०० | ३३,२७,२८७.५९ | कबोल अंकको ५ (पाँच) प्रतिशत | ३००० ।- |

१. बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय : २०८१/१२/१९, दिनको १२:०० बजे

२. बोलपत्र खोलिने मिति, समय र स्थान : २०८१/१२/१९, दिउँसो १:०० बजे, न.पा. कार्यालय, सितली, ईलाम

## Bhageshwor Rural Municipality
## Office of Rural Municipal Executive

**Bagarkot, Dadeldhura**
**Sudur Paschim Province, Nepal**

### Notice of Bid Addendum

**Addendum No: 2**
**Published On: 02-03-2025 12:00 PM**

This is to notify all the concerned bidder that following bid addendum has been made on the Bid published dated 2081/10/20 (AD 02-02-2025)

| S. N. | Contract No. | Description of works | Relevant Clause No. /Name | Existing clause | modified clause |
|---|---|---|---|---|---|
| 1 | BRM/DAD/ NCB/Works/ 2081-082/02 | Construction of Aidungra Lift Irrigation Bhageshwor R. M. ward no. 4 | 1). Last Date of Bid Submission<br>2). Bid Opening Date<br>3). Bill of Quantity Electrical items Clause No. 7 | 1). 2025-03-04 12:00:00PM<br>2). 2025-03-04 14:00:00PM<br>3). Supply, Installation, Testing & Commissioning of 11 KV Pin Insulator with Spindle with all necessary accessories all complete as per drawings, specification and instructions. | 1). 2025-03-09 12:00:00PM<br>2). 2025-03-09 14:00:00PM<br>3). Supply, Installation, Testing & Commissioning of Covered Conductor 0.05 Sq.Inch with all necessary accessories all complete as per drawings, specification and instructions. |

**Chief Administrative Officer**

## Ramdhuni Municipality
## Office of the Municipal Executive

**Jhumka, Sunsari,**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of publication: 2081/11/18**

1. Ramdhuni Municipality, Office of the Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the construction of works as specified below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Ramdhuni Municipality,office of the Municipal Executive or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Contract No. | Description of Work | Estimated Amount (With VAT & PS) NRs | Bid Security Amount NRs | Price of Bid Document NRs |
|---|---|---|---|---|---|
| 1. | RMY/ NCB/24/081/082 | Ramdhuni mandir janey mul sadak ramdhuni nagarpalika wada no 4 sub division ban karyalaya dekhi ramdhuni mandir samm sadak kalopatre marmat | 60,09,821.96/- | 1,51,000/- | 3,000/- |
| 2. | RMY/ NCB/25/081/082 | Construction of blacktopped roads of ramdhuni municipality ward no 1 to 9 | 1,08,73,423.70/- | 2,75,000/- | |

3. Information to deposit the cost of Bidding Document in Bank
   Name of the Bank: NIC Asia Bank, Jhumka — Name of Office: Ramdhuni Municipality
   Office Code no. : 801011406 Office — Account no.: 0892050027908002
   Rajaswa (revenue) Shirshak no. : GA-1.1 AANTARIK RAJASWA KHATA-RAMDHUNI NAGARPALIKA
4. Pre-bid meeting shall be held at Ramdhuni Municipality, Office of the Municipal Executive at 11:00 AM, on 2081/12/08
5. Only Electronic bids should be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2081/12/19 . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2081/12/19, 1:00 noon at the office of Ramdhuni Municipality, Office of the Municipal Executive. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of ebid, amounting as specified above which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Ramdhuni Municipality**

# महिला टी- २० शृंखला ८ मार्चदेखि



**काठमाडौं/मस–** मार्च दोस्रो सातादेखि युगाण्डामा सुरु हुने महिला क्रिकेट शृंखलामा ४ देशको सहभागिता रहने भएको छ। ८ मार्चदेखि १६ सम्म युगाण्डा, नेपाल, हङकङ र नामिबियाको बीचमा टी-२०आई शृंखला हुने भएको हो।

शृंखलामा सबै टोलीले एकअर्कासँग २-२ खेल खेल्ने छन्। ४ टिमको लिगमा शीर्ष २ टोलीबीच फाइनल हुनेछ भने तेस्रो र चौथो स्थानको टोलीका बीचमा तेस्रो स्थानका लागि खेल हुनेछ।

नेपालले पहिलो खेल ८ मार्चमा नामिबियासँग खेल्ने छ। त्यस्तै दोस्रो खेल ९ मार्चमा युगाण्डासँग र तेस्रो खेल १० मार्चमा हङकङसँग खेल्ने छ।

यस्तै, चौथो खेल १२ मार्चमा नामिबियासँग, पाँचौं खेल १३ मार्चमा युगाण्डासँग र छैटौं खेल १४ मार्चमा हङकङसँग खेल्ने छ।

नेपाली टोली शृंखला खेल्न ५ मार्चमा युगाण्डातर्फ प्रस्थान गर्नेछ। शृंखलाका लागि पहिलो चरणको क्याम्पमा १८ जना खेलाडीहरूलाई प्रशिक्षणमा पनि बोलाइएको छ। क्याम्पमा केही नयाँ खेलाडीहरू पनि छन्।

टोलीमा यू-१९ विश्वकप खेलेका ३ नयाँ खेलाडीहरू छन्। जसमा सना प्रवीन, रिया शर्मा र सीमाना केसी छन्। त्यस्तै शोभा रोकाया समावेश हुँदा शबनम राई फर्किएकी छन् भने सिता रानामगर टोलीमा छैनन्।

# मच्छिन्द्र केपी ओली कपको फाइनलमा

**काठमाडौं/मस–** केपी ओली कप फुटबल प्रतियोगिताको फाइनलमा मच्छिन्द्र फुटबल क्लब प्रवेश गरेको छ।

दशरथ रंगशालामा शनिबार भएको दोस्रो सेमिफाइनलमा मच्छिन्द्रले आयोजक केपी ओली एफसीलाई ४-० को फराकिलो अन्तरले पराजित गरेको छ।

यस जितसँगै मच्छिन्द्रले उपाधिका लागि त्रिभुवन आर्मी क्लबसँग प्रतिस्पर्धा गर्नेछ। पहिलो सेमिफाइनलमा आर्मीले सङ्कटा फुटबल क्लबलाई २-१ को झिनो अन्तरले हराउँदै फाइनल यात्रा तय गरेको थियो।

मच्छिन्द्रका स्टेफाने जलीले २ गोल गरे भने मनिष डाँगी र रोशन रानाले समान एक-एक गोल थपे।



खेलको ३९औं मिनेटमा मनिष डाँगीले गोल गर्दै मच्छिन्द्रलाई अग्रता दिलाएका थिए। दोस्रो हाफको ५०औं मिनेटमा रानाले गोल थप्दै अग्रता दोब्बर बनाए। अन्तिम समयतिर जलीले ८५औं र ९०औं मिनेटमा गोल गर्दै मच्छिन्द्रको सहज जित पक्का गरे।

अब उपाधि भिडन्तमा मच्छिन्द्रले विभागीय टोली त्रिभुवन आर्मीको चुनौती सामना गर्नेछ।

# प्रीति सर्वोत्कृष्ट खेलाडीबाट सम्मानित

**काठमाडौं/मस–** नेपाली राष्ट्रिय महिला फुटबल टिम तथा एपीएफका मिडफिल्डर प्रीति राईले सर्वोत्कृष्ट महिला फुटबल खेलाडी सम्मान प्राप्त गरेकी छन्। योङ स्टार फाउण्डेसनले प्रीतिलाई सर्वोत्कृष्ट महिला फुटबल खेलाडी सम्मान गरेको हो।

उनलाई सम्मानसँगै नगद १ लाख रुपैयाँ प्रदान गरिएको छ। योङ स्टार फाउण्डेसनका अध्यक्ष मोहन विक्रम सिंहले प्रीतिलाई सम्मान र अवार्ड प्रदान गरे।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजना गरेको एन्फा वुमन्स लिगमा गरेको उत्कृष्ट प्रदर्शनको आधारमा प्रीतिलाई सम्मान गरिएको आयोजकले जनाएको छ।




नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) सँगको सहकार्य सर्वोत्कृष्ट खेलाडी छनोट गरिएको हो।

राईले एपीएफलाई महिला लिगको यपाधि जिताउन महत्वपूर्ण प्रदर्शन गरेकी थिइन्। उनी राष्ट्रिय टिम र एपीएफको महत्वपूर्ण सदस्यको रुपमा छन्।

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, भैरहवा शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/११/१८ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

**ऋणीको नाम र ठेगाना :**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय रूपन्देहीमा प्रा.फ.र.नं. ३६४७६/०७२ (स्थानिय व्यापार) कायम भई मिति २०७२/१०/१७ मा दर्ता भएको वसन्तपुर गा.वि.स. वडा नं. ७, रूपन्देही स्थित **नायक हार्डवेयर एण्ड सप्लायर्स** ।

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. कमला नायकको नाती, शिव पुजन नायकको छोरा, रूपन्देही जिल्ला, बोगडी गा.वि.स/उ.म.न.पा. वडा नं. ०१ बस्ने **संजय नायक** ।

२. शिव पुजन नायकको बुहारी, संजय नायकको श्रीमती, रूपन्देही जिल्ला, बोगडी गा.वि.स/उ.म.न.पा. वडा नं. ०१ बस्ने **सन्ध्या नायक** ।

३. गजराज नायकको नाती, कमला नायकको छोरा, रूपन्देही जिल्ला, बोगडी गा.वि.स/उ.म.न.पा. वडा नं. ०७ बस्ने **शिव पुजन नायक** ।

**धितो सुरक्षणको विवरण :**

**शिव पुजन नायकको** नाममा मालपोत कार्यालय रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला, बसन्तपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित नक्सा सिट नं. ८क को कित्ता नं. १४६१ को २५३.९४ ब.मी क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com


## कतारमा रोजगार

कम्पनी : NEW BIRLIK TRADING AND CONTRACTING — शहर : DOHA
पुर्व स्वीकृत मितिः २०८१/११/१५ — चलानी नं.: ६०२३३६७९ — L.T. No.:319459

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Manager | 2 | 0 | सम्बन्धित काममा दक्ष | 5700 | २१७७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cleaning Worker | 0 | 1 | | 1000 | ३८२०० | | | | | | | |
| 3. | Mason (General) | 4 | 1 | | 1100 | ४२०२० | | | | | | | |
| 4. | Mason For Plaster ./ Block | 1 | 0 | | 1100 | ४२०२० | | | | | | | |
| 5. | Sales-man | 4 | 0 | | 1500 | ५७३०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २५ गते (9 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्न छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Facility Manpower Services Pvt. Ltd.**
Sinamangal , Kathmandu, Nepal,
श्रम इजाजत नं.: २७६/०५८/५९ Tel.: 01-4110864, 9851102450, 9851186635 E-mail: facility276@gmail.com Web: www.fms.com.np

## साउदीमा रोजगार

कम्पनी : AL RAHDEN COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/११/१५ — चलानी नं.: ६०२३३६७४ — L.T. No.: 319454

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 7 | 0 | स. काममा दक्ष | 1200 | ४४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २५ गते (9 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्न छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.** LIC. NO. 746/064/065
कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

## बहराइनमा रोजगार

कम्पनीः ORIENTAL GREEN CITY CONTRACTING WLL — शहरः BAHRAIN
पूर्व स्वीकृत मितिः २०८१/११/१५ — चलानी नं.: ६०२३३७२६ — L.T. No.: 319457

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४४३२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 30 | 0 | | 100 | ३६९४१ | | | | | | | |
| 3. | Mason (Tiles & Blocks) | 10 | 0 | | 120 | ४४३२९ | | | | | | | |
| 4. | Steel Fixer, Rod Binder | 20 | 0 | | 120 | ४४३२९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २५ गते (9 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्न छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Zahra Human Resources Consultancy Private Limited** Gov. Lic No.: 1657/080/081
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369, Mob.: 9810003423, 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com


## Paribartan Rural Municipality
## Office of the Rural Municipal Executive
**Rolpa**

### Invitation for Bids

**Date of publication: March 2, 2025 (2081/11/18)**

1. Paribartan Rural Municipality, Rolpa invites the bids only from Nepaleses elegible bidders for the construction of Projects as mentioned below under National Competitive Electronic Bidding procedures. Further information Email:- paribartanrmun@gmail.com, Phone no.:- 9857849002, 9857838510.
2. Note:-This Project is improved model with collaboration of federal, local government and local infrastructure support project(LISP)-UK Aids, so selected contractor should use local man powers except some critical cases and wage of labour should be paid through bank account.(Bidder should provide commitment letter of using local man powers and wage payment through bank account)

**Details of the Contract**

| S. N. | Contract ID No. | Description of Works | Estimated Amount without VAT & PS (NRs) | Bid Security (NRs.) | Bid Document Price | Address |
|---|---|---|---|---|---|---|
| 1 | PRM/ROLPA/ W/ RO/NCB/7/2081-082 | Gaunpalika Kendra Putalachaur Dhal Nikas Tatha Briksharopan Paribartan 5 Rolpa | 2415792.26 | 70000.00 | 3000.00 | Ward no. 5 |
| 2 | PRM/ROLPA/ W/ RO/NCB/8/2081-082 | Gorichaur Syanlekha Jhankrik-hola Jaipa Ragnam Gramin Sadak Punarsthapana | 2659906.00 | 77000.00 | 3000.00 | Ward no. 5 |

**Chief Administrative Officer**

**Province Government**
**Ministry of Health**
**Koshi Province, Nepal**
**Health Directorate**

## Madan Bhandari Hospital Tatha Trama Center
**Mangalbare, Urlabari, Morang**

### Tender Notice

**Contract Identification :- MBHTC /MORANG/GOOD/NCB-6/2081/2082**

**1st Date of Publication :- 2025-03-02**

1. The Madan Bhandari Hospital Tatha Trama Center invites Electronic NCB bids from eligible bidders for the procurement of Video Processor With Gastroscope and NPL under National competitive bidding – Single-Stage: Two Envelope Bidding Procedure.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Madan Bhandari Hospital Tatha Trama Center Tel: 021-410053, Email: mbhtc.np@gmail.com, Website:www.mbhtc.p1.gov.np. or You can also visit www.bolpatra.gov.np/egp.
3. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| **Name of Bank :-** | Rastriya Banijya Bank |
| **Name of the Office :-** | Madan Bhandari Hospital Tatha Trama Center |
| **Office Code No :-** | 3700213011 |
| **Office Account No :-** | 1000100201010001 |
| **Revenue Head No :-** | 14229 |

4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Madan Bhandari Hospital Tatha Trama Center, Mangalbare, Urlabari, Morang, on or before 12:00 (Noon) on 2025-04-01 Bids shall be opened in the presence of Bidders representatives who choose to attend on 2.00 PM on 2025-04-01 at office of Madan Bhandari Hospital Tatha Trama Center, Mangalbare, Urlabari, Morang.
5. Pre-bid meeting shall be held at Madan Bhandari Hospital Tatha Trama Center Mangalbare, Urlabari, Morang Date in 2081-12-08, Times:-12.00 PM (Noon).
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063. Public Procurement Regulations-2064 and their amendments.
7. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

**Details**

| S. N. | Contract Identification No | Description of Items | Estimate Amount (NRs) (Excluding VAT) | Cost of Bidding document (NRs) | Account No. | Amount of Bid security (NRs) | Bid Validity | Minimum Bid Security Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MBHTC / MORANG /GOOD/ NCB-6/2081/2082 | Video Processor With Gastroscope and NPL | 48,23,008.85 | 3,000.00 | 2120100202030000 | 1,36,250.00 | 90 Days | 2025-07-30 |



# ‘ग्रे लिस्ट’बाट जति सक्दो छिटो बाहिर निस्कने रणनीति बनाउनुपर्छ

अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई सुक्ष्म निगारीनीको सूची ‘ग्रे लिस्ट’मा राखेको एक साता बितेको छ। ‘ग्रे लिस्ट’ पर्न निश्चित हुँदा समेत सरकारी निकायबाट ठोस पहल नहुँदा त्यसको अर्थतन्त्रमा देखिने छ। आर्थिक अपराध नियन्त्रणका लागि अन्तर्राष्ट्रिय मापदण्ड पालन नभएको भन्दै ‘ग्रे लिस्ट’ परेको नेपालले अबको तयारी कस्तो हुनुपर्छ ? राष्ट्र बैंक वा बैंक तथा वित्तिय क्षेत्रले भूमिका कस्तो हुनुपर्छ भन्ने विषयमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा अर्थविद् **नरबहादुर थापा**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

■ **नरबहादुर थापा**, अर्थविद्

**“ग्रे लिस्ट” परेको नेपालले अबको तयारी कस्तो हुनुपर्छ ?**

नेपाल ‘ग्रे लिस्ट’मा परेपछि त्यसको असर अर्थतन्त्र पर्ने देखिन्छ । ‘ग्रे लिस्ट’मा पर्दा नेपालमा आयात र निर्यातमै समस्या आउने देखिन्छ । त्यसलै ‘ग्रे लिस्ट’ बाट सक्दो छिटो बाहिर ल्याउने प्रयास गर्नुपर्छ । ‘ग्रे लिस्ट’मा पर्दा नेपालले पाउने विदेशी ऋण तथा आर्थिक सहायतामा प्रभाव पर्ने देखिन्छ । राष्ट्र बैंकले विभाग मात्र बनाएर मात्र ग्रे लिस्ट’ बाट बाहिर ल्याउन त्यति सहज छैन । ‘ग्रे लिस्ट’ बाट आउनका लागि नेपाल सरकारका सम्बन्धित निकायले अनुसन्धान नभएरसम्म नेपाल बाहिर आउँदैन ।

**“ग्रे लिस्ट” बाट बाहिर निस्कन राष्ट्र बैंक तथा बैंक तथा वितिय क्षेत्रको हुनुपर्ने भूमिका कस्तो हुनुपर्छ ?**

‘ग्रे लिस्ट’ बाट बाहिर ल्याउनका लागि राष्ट्र बैंकले आफ्नो मातहतका बैंक तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउन आवश्यक छ। सन् २०१४ मा समेत राष्ट्र बैंकको भूमिका महत्वपूर्ण थियो। त्यति बेला अन्तर्राष्ट्रिय मुद्रा कोषको सहयोगमा नेपाल ‘ग्रे लिस्ट’बाट बाहिर आएको हो । त्यसैले ‘ग्रे लिस्ट’बाट बाहिर आउन राष्ट्र बैंकको महत्वपूर्ण भूमिका रहन्छ। अहिले जसरी कालोधनलाई सेतो कसरी बनाउने भन्ने कामलाई बैंक तथा वित्तीय संस्थामार्फत् निगरानी गर्न आवश्यक देखिन्छ । राष्ट्र बैंक मार्फत् वाणिज्य बैंकहरूले निजी सम्पत्ति सुपरीवेक्षण गर्न सक्छ तर मुद्दा अभियोजन गर्न सक्दैन । त्यसैले अब राष्ट्र बैंकले प्रतिवेदन ल्याएर राज्यका अन्य निकायले अनुसन्धान गर्ने बाटो खुल्ला गरिदिन सक्नुपर्छ। प्रतिवेदन र अनुसन्धनमा गरेका फाइलहरू लुकाउने भन्दा त्यसलाई अनुसन्धान गरेर अगाडी बढाउनु पर्ने हो तर, त्यसमा सरकारको सक्रियता कम देखिन्छ ।

**नेपाल “ग्रे लिस्ट”बाट निस्कनका लागि सुधारको बाटो के हुन सक्छ ?**

एफएटीएफले नेपाललाई ११ मध्ये ७ वटा प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ। ११ वटा सूचक मध्ये ४ वटाको केही प्रगति भएको छ भने ७ वटामा प्रगति शून्य छ। ७ वटा सूचक मध्ये धेरैजसो नेपाल राष्ट्र बैंकसँग सम्बन्धित देखिन्छ । नेपालको उच्च राजनीतिक नेतृत्व र नीति निर्माताले सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनी र संस्थागत व्यवस्थाको औचित्य र त्यसबारे बुझ्न नसकेको भनेर एफटीएफले उठाएको छ । यसलाई नै प्राथमिकतामा राखेर काम गर्न आवश्यक छ। नेपालमा सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको पहिचान गरेर जोखिमहरूको न्यूनीकरण गर्न अपनाउने उपाय अवलम्बन गर्न आवश्यक छ ।

‘ग्रे लिस्ट’ बाट जति सक्ने छिटो नेपाल निस्कन सक्नुपर्छ । दुई वर्षको समय छ भनेर ढुक्कले बस्नु हुँदैन । ‘ग्रे लिस्ट’ बाट बाहिर आउनका लागि राष्ट्र बैंकको सुपरीवेक्षण विभागलाई स्रोत साधन सम्पन्न बनाएर काम गर्न सकिन्छ । एफटिएफले वाणिज्य बैंकहरूको निरीक्षण तथा सुपरीवेक्षण जोखिममा आधारित नभएको भन्दै त्यसमा काम गर भनेको छ । यो भनेको ऋणीसम्मको जोखिममा आधारित सुपरीवेक्षण गर्नु पर्नेछ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा कुनै व्यक्ति वा संस्थाले निक्षेप परिचालन वा ऋण दिँदा पूर्वस्वीकृति लिनुपर्छ भन्ने व्यवस्था छ । त्यसको पनि पालना भएको छैन । त्यस्तै, नेपालबाट ठूलो मात्रामा हुन्डी कारोबारमार्फत् क्यापिटल फ्लाइट भइरहेकाले हुँदा त्यो रोक्नुपर्ने हुन्छ ।

**राष्ट्र बैंकले सम्पति शुद्धीकरण र आतंकवादी वित्तपोषणसँग जोडेर बैंक तथा वित्तीय संस्थालाई लक्षित गर्दै एकीकृत निर्देशनलाई संशोधन गरिरहेको छ, त्यसले “ग्रे लिस्ट” बाट निस्कन मद्दत गर्छ ?**

सम्पत्ति शुद्धीकरण र आतंकवादी वित्तसँग जोडेर बैंक तथा वित्तीय संस्थालाई लक्षित गर्दै एकीकृत निर्देशनको व्यवस्था पहिलेदेखि नै रहेका थिए। कानुनी व्यवस्था छन् तर, कार्यान्वयन, अनुसन्धान, निरीक्षण तथा सुपरीवेक्षण फितलो छ। वित्तीय जानकारी इकाईले आवश्यक तथ्यांक संकलन, कम्पायल, विश्लेषण र सिफारिस गरिरहेको छ। सो निकायलाई यिनै काम गर्ने अधिकार छ, तर कारबाही गर्ने अधिकार छैन। सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग र सीआईबी थप अनुसन्धान गर्ने र कारबाहीको प्रक्रिया अगाडि बढाउने निकाय हुन् तर, ती निकायले थप अनुसन्धान गरेर अभियोजन तयार गर्नुपर्नेमा त्यो नगरेको देखिन्छ ।

# १९ खर्ब हाराहारीको बजेट लेखिँदै

**काठमाडौं/मस** - अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार पारी बजेट लेखन थालेको छ। राष्ट्रिय स्रोत अनुमान समितिले उपलब्ध गराएको बजेट सीमा (सिलिङ) भित्र रही आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया अघि बढेको अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

‘आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गरेर अध्यादेशमार्फत् ल्याइएको बजेट क्यालेण्डरसम्बन्धी व्यवस्थाअनुसार काम अघि बढिरहेका छन् । स्रोत अनुमान समितिले करिब १९ खर्ब हाराहारीको बजेट सिलिङ उपलब्ध गराइसकेको छ । सबै विषयगत मन्त्रालयलाई पनि बजेट सिलिङ दिइसकेका छौं’, उनले भने ।

आगामी आर्थिक वर्षको बजेट बनाउनका लागि सबै मन्त्रालयहरूले बजेटको सीमा र बजेट तर्जुमा मार्गदर्शन पाइसकेका छन् । मन्त्रालयहरुले बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरूको विवरण आगामी चैत १ गतेदेखि चैत २० गतेसम्म अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराइसक्नुपर्नेछ ।

बजेटमा समावेश गर्नुपर्ने विषयहरूमा सार्वजनिक सूचना जारी गरी सुझाव संकलन गर्ने काम आगामी चैत १५ गतेदेखि २०८२ वैशाख १० गतेभित्र टुंग्याउने गरी कार्यतालिका बनाइएको छ । बजेटका नीति तथा कार्यक्रममाथि आगामी चैत १६ गतेदेखि चैत २२ गतेसम्म राष्ट्रिय योजना आयोगमा छलफल चल्नेछ । सबै मन्त्रालयहरूले आगामी चैत १५ गतेभित्र सम्बन्धित मन्त्रालय र मातहतका निकायबाट आगामी आर्थिक वर्षका लागि कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गरिसक्नुपर्नेछ। मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मार्फत् विषयगत मन्त्रालयहरूले बजेत प्रस्ताव गर्ने अन्तिम मिति चैत १५ लाई तोकिएको छ ।




## राजस्व परामर्श समिति र बजेट लेखन समिति गठन

अर्थ मन्त्रालय बजेट महाशाखा प्रमुख श्रीकृष्ण नेपालको संयोजकत्वमा पाँच सदस्यीय बजेट मस्यौदा लेखन समिति गठन भएको प्रवक्ता भण्डारीले जानकारी दिए । समितिमा वैदेशिक महाशाखा प्रमुख धनीराम शर्मा, राजस्व महाशाखा प्रमुख उत्तरकुमार खत्री, प्रशासन महाशाखा प्रमुख थानप्रसाद पंगेनी, आन्तरिक राजस्व विभागका महानिर्देशक तीर्थराज चिलुवाल र सहमहालेखा नियन्त्रक सुशीला अर्याल सदस्य छन् ।

त्यसैगरी, राजस्व सचिव दिनेश कुमार घिमिरेको संयोजकत्वमा राजस्व परामर्श समिति गठन भएको छ। यो समितिले आगामी आर्थिक वर्ष २०८२/८३ को आर्थिक ऐन तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने राजस्वका नीतिबारे सुझाव दिनेछ। भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर एवं राजस्व चुहावट नियन्त्रणका लागि केकस्ता रणनीति अवलम्बन गर्न सकिन्छ भनेर यो समितिले सरकारलाई सुझाव दिनेछ। राजस्व परामर्श समितिअन्तर्गत विभिन्न सात वटा उपसमितिहरू गठन भएको पनि अर्थ मन्त्रालयले जनाएको छ।

जसमा आन्तरिक राजस्व उपसमिति, भन्सार उपसमिति, उद्योग, वाणिज्य तथा निर्यात प्रवर्द्धन उपसमितिलगायत उपसमितिहरू रहेका छन्। त्यस्तै, राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमिति, कृषि, ऊर्जा तथा पर्यटन उपसमिति, बैंक तथा वित्तीय संस्था, बिमा, सहकारी तथा पुँजीबजार उपसमिति र गैरकर तथा अन्तर-सरकारी राजस्व व्यवस्थापन उपसमिति रहेका छन्।

यसरी मन्त्रालयबाट प्रस्ताव भएका योजना तथा कार्यक्रममाथि मन्त्री र सचिवहरुसँग आगामी चैत २० गतेदेखि चैत २२ गतेसम्म सैद्धान्तिक छलफल चल्नेछ । मन्त्रालयहरूसँग बजेट कार्यक्रम र शीर्षकगत छलफल भने चैत २४ गतेदेखि वैशाख १५ गतेसम्म चल्नेछ । त्यस्तै, चैत २८ गतेभित्र अन्तरसरकारी वित्त परिषद्को बैठक बसिसक्ने र बजेटका उद्देश्य, प्राथमिकता एवं मुख्य कार्यक्रमबारे सांसदहरूसँग प्रदेशगत रूपमा छलफल हुनेछ । संघीय सशर्त अनुदानका विषयमा प्रदेश आर्थिक मामिला तथा योजनामन्त्रालयहरूसँग छलफलका लागि आगामी चैत २४ देखि वैशाख १५ गतेसम्मको समयावधि तोकिएको छ ।

आगामी आर्थिक वर्षको बजेटबारे राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्रीहरू, पूर्वगभर्नर, पूर्वअर्थसचिव, अर्थशास्त्री एवं विज्ञहरूसँगको छलफलका चैत २६ देखि वैशाख २५ गतेसम्म चल्नेछ । त्यस्तै, आगामी वैशाख १० गतेभित्र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताको मस्यौदा तयार पार्ने र वैशाख १५ गतेभित्र संघीय सदनका दुवै सदनमा पेस गर्नेगरी क्यालेन्डर बनेको छ। आगामी जेठ १ गतेभित्र राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गर्नेछ र त्यो बेलासम्ममा बजेट वक्तव्यको पहिलो मस्यौदा तयार भइसक्नेछ।

त्यस्तै, अर्थमन्त्रीले जेठ १० गते राष्ट्रपतिसमक्ष बजेट ‘बिफ्रिङ’ गर्ने कार्यतालिका छ। बजेट वक्तव्यलाई जेठ १३ गतेभित्र अन्तिम रूप दिइ जेठ १४ गते मन्त्रिपरिषद् र राष्ट्रिय योजना आयोगमा ब्रिफ्रिङका लागि लगिनेछ । आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक जेठ १४ गते छपाइका लागि पठाइनेछ। आर्थिक सर्वेक्षण, संस्थानको प्रगति विवरण र मन्त्रालयहरुको प्रगति विवरण आगामी जेठ १४ गते संघीय संसद्का दुवै सदनमा प्रस्तुत हुनेछ। त्यस्तै, जेठ १५ गते संयुक्त सदनमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट पेस हुनेछ।

# कर्णालीमा स्वरोजगार तथा आर्थिक सशक्तीकरण कार्यक्रम

**सुर्खेत/मस** - संघीय सरकारले कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली जिल्लामा स्वरोजगार तथा आर्थिक सशक्तीकरण कार्यक्रमका लागि कर्णालीका २१ पालिका छनोट गरी बजेट पठाएको छ । कर्णालीका मुगु, डोल्पा, हुम्ला, जुम्ला, कालीकोट, रुकुम पश्चिम, जाजरकोट जिल्लाका २१ पालिका छनोट गरेर बजेट पठाएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव कालीप्रसाद पराजुलीले जानकारी दिए । उनकाअनुसार उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक, सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन गर्न २१ स्थानीय तहले बजेट पाएका हुन् ।

संघीय सरकारबाट प्राप्त उक्त बजेटलाई स्थानीय तहले छनोट गरेका पूर्वाधार, उद्यमशीलतादेखि सीप विकासका कार्यक्रममा खर्च गर्ने सर्तहरू तोकिएको पराजुलीले बताए । त्यस्तै स्थानीय तहले छनोट गरेका कृषि, पशुपालनसँगै पर्यटनका क्षेत्रमासमेत खर्च गर्ने उद्देश्य राखिएको छ। मन्त्रालयले उच्च पहाडी तथा हिमाली क्षेत्रमा स्वरोजगार तथा आर्थिक, सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ मा भएको व्यवस्थाबमोजिम चालु आर्थिक वर्षमा कार्यक्रम सञ्चालन गर्न बजेट उपलब्ध गराउने गरी छनोट भएका आयोजना/कार्यक्रम तथा बजेटसहित स्थानीय तहको सूची सार्वजनिक गरेको छ।




मन्त्रालयले सार्वजनिक गरेको सूचीअनुसार मुगुको सोरु गाउँपालिका, खत्याड गाउँपालिकामा दुईवटा तथा डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका, डोल्पो बुद्ध गाउँपालिका, काइके गाउँपालिका र छार्का ताङसोङ गाउँपालिकामा कार्यान्वयन हुने सात आयोजनाका लागि रकम सम्बन्धित पालिकामा पठाइएको मन्त्रालयका सहसचिव पराजुलीले जानकारी दिए । उनकाअनुसार हुम्लाका सिमकोट गाउँपालिका, नाम्खा गाउँपालिका र खार्पुनाथ गाउँपालिकामा पाँच, जुम्लाको सिञ्जा गाउँपालिकामा दुई, कालीकोटको तिलागुफा नगरपालिका, नरहरिनाथ गाउँपालिका र पचालझरना गाउँपालिकामा तीनवटा कार्यक्रमका लागि बजेट विनियोजन भएको छ।

यस्तै, रुकुम पश्चिमका मुसिकोट नगरपालिका, चौरजहारी नगरपालिका, बाँफिकोट गाउँपालिका र सानी भेरी गाउँपालिकामा छ वटा आयोजना कार्यान्वयन हुनेछन् । जाजरकोटको छेडागाड नगरपालिका, नलगाड नगरपालिका, जुनिचाँदे गाउँपालिका र शिवालय गाउँपालिकामा सातवटा कार्यक्रमका लागि सम्बन्धित पालिकामा बजेट पठाइएको मन्त्रालयले जनाएको छ ।

कर्णालीबाट छनोटमा परेका पालिकामा कार्यक्रम कार्यान्वयनका लागि सात करोड ४३ लाख विनियोजन गरिएको छ । स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी छनोट भएका आयोजना/कार्यक्रमका लागि विनियोजित बजेट उच्च पहाडी तथा हिमाली क्षेत्र कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि र प्रचलित कानुन तथा सर्तहरूको अधीनमा रही खर्च गर्ने, त्यसको स्रेस्ता राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षणसमेत गर्ने व्यवस्था मिलाउन मन्त्रालयले स्थानीय तहलाई निर्देशन दिएको छ ।

**लुम्बिनी प्रदेश सरकार**
**सहरी विकास तथा खानेपानी मन्त्रालय**
**सहरी विकास तथा भवन कार्यालय**
**नेपालगंज, बांके**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना न. १०/०८१-०८२**
**प्रकाशित मिति : २०८१-११-१८**

यस कार्यालयबाट मिति २०८१/०९/११ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना तथा www.Bolpatra.gov.np/egp मार्फत आव्हान गर्दा दर्ता हुनआएका बोलपत्रदाताहरु मध्ये तपसिल अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन-२०६३ को दफा-२७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**:-

| सि. न. | ठेक्का न. | योजनाको नाम | बोलपत्रदाताको नाम | कबोल अंक (With PS &VAT) |
|---|---|---|---|---|
| 1 | UDBO/BANKE/NCB/WORK/DRAIN. BADHAIYATAL-1/081-082/30 | Construction of R.C.C. Drain at Badhaiyatal-1 Dibyajyoti Ma.Bi to South Mandhir, Bardiya | श्री विश्वकर्मा निर्माण सेवा, खजुरा-२ बाँके | १९,२०,७२६.७५ |
| 2. | UDBO/BANKE/NCB/WORK/ROAD. RAJAPUR-3/081-082/31 | Construction of Plum Concrete work and Primix widening Road at Rajapur-3 Nangapur Moraiya Rediya Indrapur Sedura, Bardiya | श्री जि.टु.एस. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.गेरुवा-२ बर्दिया | २९,३७,६३०.२६ |
| 3. | UDBO/BANKE/NCB/ WORK/UPGRADATION. BAIJANATH-2/081-082/32 | Construction & Upgradation of Road at Kalarampur-Syane Gaun Baijanath-2 Banke | श्री जय कालिका निर्माण सेवा, बैजनाथ-२ बाँके | १२,८०,३८८.२३ |
| 4. | UDBO/BANKE/NCB/WORK/ MADARSHA.MISBAHIYA/081-082/33 | Construction of Madarsha Misbahiya chishtiya Building at Nepalgunj-15, Banke | श्री राज बिल्डर्स, नेपालगंज-१२ बाँके | २०,९१,६००.३५ |
| 5. | UDBO/BANKE/NCB/WORK/ MADARSA.AARFIYA.BLG/081-082/34 | Construction of FF of Madarsa Jamiya Aarfiya Danis Ulum Building at Nepalgunj-16, Banke | श्री पन्त कन्स्ट्रक्सन, नेपालगंज-२ बाँके | २०,५०,०१९.८० |
| 6. | UDBO/BANKE/NCB/WORK/ MADARSA.DARUL.BLG/081-082/35 | Construction of Madarsha Darul Ulum Juma Garib Nawaj Building at Nepalgunj-16, Banke | श्री राज बिल्डर्स, नेपालगंज-१२ बाँके | २१,०८,४६२.११ |
| 7. | UDBO/BANKE/NCB/WORK/ MADARSA.JAMIYA.BLG/081-082/36 | Construction of Madarsha Jamiya kaadariya Jiyaul Kuran Building at Nepalgunj-20, Banke | श्री मबिन निर्माण सेवा, छेडागाड-११ जाजरकोट | २१,८९,२५४.३४ |

**नि.कार्यालय प्रमुख**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**